# प्रभाव दैनिक

National Daily

वर्ष ९ अंक १ काठमाडौं आइतबार, ११ वैशाख २०७९ Prabhab National Daily, Sunday, April 24 , 2022 URLwww.prabhabonline.com पृष्ठ ८+२४ मूल्य रू. ५|-





## प्रकाशकीय

मुलुकमा लोकतान्त्रिक गणतन्त्रको उदयसँगै हामी आम पाठकमाझ आएका थियौं । राजनीतिक परिवर्तन आए पनि मुलुकमा रोजगारीको अवसर अभावमा युवाहरू आक्रान्त थिए । त्यही कारण वैदेशिक रोजगारीमा जाने लहर बढ्दो थियो । तर वैदेशिक रोजगारीको क्षेत्र व्यवस्थित हुन सकेको थिएन । जसकारण रोजगारीका लागि विदेशिन बाध्य युवाहरू विभिन्न समस्याबाट गुज्रिरहेका थिए । त्यही अवस्थाबीच 'प्रभाव पब्लिकेशन प्रालि' अन्तर्गत 'प्रभाव दैनिक' प्रकाशनमा आएको थियो ।

वैशाख ११ अर्थात् आजैका दिन सुरु भएको हाम्रो यात्रा आज आठौं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गरेको छ । मुलुकको अर्थतन्त्र सवल नभइसकेको सन्दर्भमा वैदेशिक रोजगारलाई केन्द्रित गरेर दैनिक पत्रिका प्रकाशन गर्नु आफैंमा चुनौती थियो । तर, हामीले उक्त चुनौतीलाई स्वीकार गर्दै यात्रा सुरु गरेका थियौं । नवौं वर्षसम्म आइपुग्दा हामीले २०७२ को विनासकारी भूकम्प, पछिल्लो समय कोरोना भाइरस (कोभिड-१९) को महामारीलगायत विभिन्न समस्या झेल्यौं । प्राकृतिक विपत्ति र महामारीबाट निम्त्याएको आर्थिक संकटमा पनि हामीले आफ्नो प्रकाशनलाई निरन्तरता दियौं । यो अवधिमा आफ्नो लक्ष्यबाट विचलित भएनौं । पत्रकारिताको सिद्धान्त र आचारसंहितालाई पूर्णरूपमा आत्मसात् गरेर अगाडि बढेकै कारण हामीले आम पाठकको विश्वास जित्न सकेको हाम्रो ठहर छ ।

हाम्रो प्रकाशन 'प्रभाव दैनिक'को यस यात्रामा आदणीय पाठक, विज्ञापनदातालगायत विभिन्न क्षेत्रबाट प्राप्त साथ, समर्थन तथा हौसलाको हामी ऋणी छौं । त्यसैगरी, निष्पक्ष र तटस्थ पत्रकारितालाई निजी क्षेत्रमा स्थापित गराउनमा सामूहिक रूपमा सहयोग पुऱ्याउनुहुने सिर्जनशील पत्रकार, लेखक, लगनशील कर्मचारी, इमान्दार वितरक, शुभेच्छुक एवं सहयोगी सबैप्रति आभारी छौं ।

पछिल्लो समयमा विकसित भएको प्रविधिलाई पछ्याउँदै छापा माध्यमलाई परिमार्जन गरी समयनुकूल पाठकको चाहनाअनुसार सामग्रीहरू प्रकाशन गर्दै आएका छौं । साथै, अनलाइन संस्करण 'प्रभाव अनलाइन डटकम' तथा 'प्रभाव टेलिभिजन'मार्फत पनि पाठक/दर्शकसमक्ष सूचना प्रवाह गरिरहेका छौं । देशमा भएका अनियमितता र भ्रष्टाचारको उजागर गर्दै सबैलाई सूचित गर्ने कार्यमा हामी निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्दछौं । यस कार्यमा अहोरात्र सहयोग गर्ने सबैमा प्रभाव पब्लिकेसन प्रालिको तर्फबाट हार्दिक धन्यवाद दिँदै सबैमा पुनः शुभकामना व्यक्त गर्दछु ।

कृष्णबहादुर कार्की
प्रबन्ध निर्देशक

### आज लोकतन्त्र दिवस :

# यसरी आएको थियो लोकतन्त्र

**संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपालमा २४० वर्षे राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो । पहिलो संविधानसभाले संविधान बनाउन नसके पनि दोस्रो संविधानसभाबाट २०७२ असोज ३ गते संविधान जारी भई हाल कार्यान्वयनको क्रममा छ ।**

■ प्रभाव संवाददाता



**काठमाडौं–** आज वैशाख ११ गते, लोकतन्त्र दिवस । १६ वर्ष अगाडि आजकै दिन लोकतन्त्रको औपचारिक यात्रा सुरु भएको थियो । तत्कालीन राजा ज्ञानेन्द्रले जनतासामु घुँडा टेकेको दिनको सम्झनामा हरेक वर्ष वैशाख ११ मा लोकतन्त्र दिवस मनाउने गरिन्छ ।

१९ दिन लामो समय चलेको जनआन्दोलनपछि तत्कालीन राजा ज्ञानेन्द्रले २०६३ साल वैशाख ११ गते राति विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्ने घोषणा गरेको थिए । ज्ञानेन्द्रले २०५९ जेठ ८ गते संसद् विघटन गरेका थिए । त्यसलाई उनले २०६३ वैशाख ११ गते पुनःस्थापना गरेका थिए ।

उनले 'जनताको नासो जनतालाई नै सुम्पे'को घोषणा गरेसँगै वर्तमान लोकतन्त्रको औपचारिक यात्रा सुरू भएको भयो । यससँगै नेपालमा २४० वर्षसम्म चलेको राजतन्त्रात्मक व्यवस्था ढल्ने आधार बन्यो । देश संविधानसभाको निर्वाचन र गणतन्त्र स्थापनाको दिशातर्फ अघि बढ्यो ।

दोस्रो जनआन्दोलन राजतन्त्र अन्त्यको मियो मात्र भएन, १० वर्ष लामो समय चलेको माओवादी सशस्त्र युद्धको अन्त्य र गणतन्त्र स्थापनाको प्रस्थानबिन्दु पनि बन्न पुग्यो । जसको जग हालेको थियो, २०६३ जेठ ४ मा पुनःस्थापित प्रतिनिधिसभाले गरेको घोषणाले । 'नेपाली म्याग्नाकार्टा' भनिने उक्त घोषणाले राजाका सबै अधिकारहरू कटौती गऱ्यो । संसद्लाई पूर्ण सार्वभौम र स्वतन्त्र बनायो । 'श्री ५ को सरकार' 'नेपाल सरकार' बन्यो । 'हिन्दू राष्ट्र नेपाल' 'धर्मनिरपेक्ष राज्य' बन्यो ।

२०६३ जेठ १२ गते तत्कालीन नेकपा (माओवादी) र नेपाल सरकारबीच युद्धविरामको सहमति भएसँगै देशमा शान्ति प्रक्रियाको औपचारिक सुरुआत भयो । त्यसपछि २०६३ मंसिर ५ मा माओवादी र सरकारबीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि माओवादी 'सशस्त्र युद्ध'को विधिवत् अन्त्य भएको थियो ।

नारायणहिटी दरबार हत्याकाण्डपछि राजा बनेका ज्ञानेन्द्र शाहले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने शृंखला चलाए । राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै, हटाउँदै गरेका थिए ।

उनले २०५९ असोज १८ गते जननिर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी आफूखुसी कार्यकारी प्रमुख तोक्न थालेका थिए । आफूखुसी तोकिएका प्रधानमन्त्रीबाट समेत सन्तुष्ट नभई २०६१ माघ १९ गते मन्त्रिपरिषद्को अध्यक्षसमेत राजा नै बनेपछि आमनागरिकको राजतन्त्रप्रति वितृष्णा बढ्दै गयो ।

शासनसत्ता आफ्नै हातमा लिएका ज्ञानेन्द्रले केही नेताहरूलाई जेल हाले । माघ १९ पछि तत्कालीन आन्दोलनरत सात दल र सशस्त्र जनयुद्ध गरिरहेको नेकपा माओवादीबीच २०६२ मंसिरमा १२ बुँदे समझदारी भएपछि जनआन्दोलनको वातावरण बनेको थियो ।

जनआन्दोलनको माग २०५९ जेठ ८ गते विघटन गरिएको प्रतिनिधिसभा पुनःस्थापना, निरंकुश राजतन्त्रको अन्त्यलगायत थियो । नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा भएको आन्दोलनमा लाखौं मानिस सडकमा उत्रिएका थिए । ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध आन्दोलन चर्कियो । राजधानी काठमाडौंमा मानवसागर उर्लियो । आन्दोलनमा दुई दर्जन बढीको ज्यान गयो ।

आन्दोलनरत दलले तयार पारेकै मस्यौदाका आधारमा ज्ञानेन्द्रले २०६३ वैशाख ११ गते राति संसद् पुनःस्थापनाको घोषणा गरी (**बाँकी पृष्ठ २ मा**)

### सन्दर्भ : वैदेशिक रोजगार

# चैतमा साढे ५५ हजार श्रमिक विदेशिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको चैत महिनामा नेपालबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या सामान्य बढेको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चैतमा ५५ हजार ५२३ जना श्रमिक श्रम स्वीकृति लिएर विदेश गएका छन् । यो संख्या फागुन महिनाको तुलनामा दुई हजार ५६ ले बढी हो । फागुनमा ५३ हजार ४६७ जना नेपाली रोजगारीका लागि विदेश गएका थिए ।

चैत महिनामा रोजगारीका लागि नेपालबाट २७ हजार १५६ जनाले नयाँ श्रम स्वीकृति लिएर विदेश गएको देखिएको छ । २८ हजार ३६७ जनाले पुनः श्रम स्वीकृति लिएर विदेश गएको विभागको तथ्यांक छ । विभागले सार्वजनिक गरेको मासिक विवरणअनुसार चैत महिनामा सबैभन्दा धेरै श्रमिक साउदी अरबमा गएका छन् । साउदीमा १५ हजार २०१ जना श्रमिक गएका हुन् ।

उक्त महिना साउदीपछि धेरै नेपाली श्रमिक रोजगारीका लागि कतार गएको देखिएको छ । त्यो महिनामा नेपालबाट १४ हजार ८६९ जना नेपाली रोजगारीका लागि कतार गएका छन् । पछिल्लो समय मलेसियाको रोजगारी खुला नभएको समयमा नेपालबाट धेरै श्रमिक साउदी र कतार जाने गरेका छन् । त्यस्तै नेपालीहरूको अर्को श्रम गन्तव्य मुलुक युएई जाने नेपाली श्रमिकको संख्या ११ हजार ८६५ जना रहेको छ ।

त्यस्तै कुवेत जाने नेपालीको संख्या पाँच हजार ६२९ जना रहेको विभागले जारी गरेको विवरणमा उल्लेख छ । त्यस्तै रोजगारीका लागि मलेसिया गएका नेपालीको संख्या एक हजार ७९३ जना रहेको छ । लामो समयदेखि रोकिएको मलेसियाको रोजगारी केही समयअघि मात्रै मलेसिया खुलेको हो । फागुन महिनामा मलेसिया जाने नेपाली श्रमिकको संख्या ९९१ जना रहेको थियो । चैत महिनामा एक हजार ३०० श्रमिक बहराइन गएका छन् । त्यस्तै ओमानका लागि ६५० ले श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाएको छ ।

यता पछिल्लो समय रोजगारी गन्तव्यका रूपमा विकास हुँदै गएको क्रोयसियामा श्रम स्वीकृति लिएर ६४३, रोमानिया ५३४ र साइप्रसमा ३६२ जना रोजगारीका लागि गएको देखिएको छ ।

१६ जिल्लाबाट एक हजारभन्दा बढी

चैत महिनामा एक हजारभन्दा बढी श्रमिक विदेश जाने जिल्लाको संख्या १६ रहेको छ । ७७ जिल्लामध्ये १६ वटा जिल्लाबाट एक महिनाको अवधिमा एक हजारभन्दा बढी श्रमिक विदेश गएका हुन् । त्यसैगरी पाँच जिल्लाबाट १५ जनाभन्दा कम श्रमिक विदेश गएको विभागको तथ्यांक छ । चैत महिनामा सबैभन्दा बढी श्रमिक विदेश जाने जिल्लामा धनुषा परेको छ । धनुषाबाट एक महिनामा तीन हजार ८४४ जना रोजगारीका लागि विदेश गएको देखिन्छ ।

त्यस्तै, सिराहा, झापा, महोत्तरी र मोरङ जिल्लाबाट पनि दुई हजारभन्दा बढी श्रमिक रोजगारीको सिलसिलामा विदेश गएका छन् । सिराहाबाट दुई हजार ९७३ जना विदेश गएका छन् भने झापाबाट दुई हजार ६५४ जना रोजगारीको खोजीमा विदेशिएका छन् । महोत्तरीबाट दुई हजार ६७४ र मोरङबाट दुई हजार १२७ जना रोजगारीका लागि विदेश गएको देखिएको छ ।

यस्तै, नवलपरासीबाट एक हजार ८४४ जना, सुनसरीबाट एक हजार ८०१ जना, रूपन्देहीबाट एक हजार ७५६ जना, सर्लाहीबाट एक हजार ५५७ जना विदेश गएका छन् । सप्तरीबाट एक हजार ४०९, स्याङ्जाबाट एक हजार ३४५, चितवनबाट एक हजार २९६ जना रोजगारीका लागि विदेश गएका छन् । यता तनहुँबाट एक हजार २२२, कपिलवस्तुबाट एक हजार १४९ र दाङबाट एक हजार ३६ जना श्रमिक रोजगारीका लागि विदेश गएका छन् ।

सबैभन्दा कम श्रमिक विदेश जाने जिल्लामा हुम्ला परेको छ । हुम्लाबाट चैत महिनाभरिमा जम्मा तीन जना रोजगारीका लागि विदेश गएको तथ्यांक छ । त्यस्तै डोल्पाबाट चार जना, मनाङबाट सात, मुस्ताङबाट आठ जना र मुगुबाट १४ जना श्रमिक विदेश गएको देखिन्छ ।

चैत महिनामा रोजगारीका लागि विदेश गएकामध्ये जम्मा १३ जना उच्च दक्षता हासिल गरेर गएको देखिएको छ । अदक्ष श्रमिक २० हजार ४९४ जना, अर्ध कुशल क्षमताका चार हजार ३३४ जना र व्यावसायिक क्षमता भएका ५८ जना नेपाली श्रमिक चैत महिनामा विदेश गएको तथ्यांक छ । कुनै न कुनै दक्षता हासिल गरेर विदेश जानेको संख्या ३० हजार ६२४ जना रहेको विभागले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ ।

### स्थानीय तह निर्वाचन

## आजदेखि मनोनयन दर्ता

**काठमाडौं (प्रस)–** यही ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि आजदेखि मनोनयन दर्ताको सुरु हुँदै छ । निर्वाचन आयोगले वैशाख ११ र १२ गते दुई दिन उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम तय गरेको छ । आयोगले प्रकाशित गरेको निर्वाचन कार्यतालिकामा मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची वैशाख १२ गते (भोलि) प्रकाशन गर्ने, वैशाख १३ गते उम्मेदवारको विरोधमा उजुरी दिने तय गरिएको छ ।

वैशाख १४ र १५ गते मनोनयनपत्र जाँच गर्ने तथा उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने, वैशाख १५ गते मनोनयन भएका उम्मेदवारको नामावली प्रकाशन गर्ने, वैशाख १६ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा वैशाख १७ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको आयोगद्वारा शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

आयोगले निर्वाचनको सबै तयारी निर्वाचन कार्यतालिकाबमोजिम व्यवस्थित र प्रभावकारी ढंगले भइरहेको जानकारी दिएको छ । मुलुकभरका ७५३ वटै स्थानीय तहमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको कार्यालय स्थापना भई कार्यसञ्चालन र मतदान केन्द्रमा प्रयोग हुने सामग्री पठाउने कार्य निरन्तर भइरहेको आयोगले जनाएको छ ।

समयमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी उम्मेदवार को मनोनयन दर्ता गर्नसक्ने भएकाले यसबाट उम्मेदवारको मनोनयन दर्ता प्रक्रिया सहज, सरल र शान्तिपूर्णरूपमा समयमा नै सम्पन्न हुने विश्वास आयोगले लिएको छ ।

'स्थानीय तहका सदस्यको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र मितव्ययी बनाउने विशेष जिम्मेवारी निर्वाचनमा भाग लिने राजनीतिक दल तथा (**बाँकी पृष्ठ ३ मा**)




स्थानीय तह निर्वाचन २०७९

# संयुक्त निर्वाचन सञ्चालन केन्द्र कार्यान्वयनमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** निर्वाचन आयोगले आसन्न स्थानीय तहको निर्वाचनका क्रममा शनिबारदेखि संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) कार्यान्वयनमा ल्याएको छ । आयोगको संयोजकत्वमा गृह मन्त्रालय, विभिन्न सुरक्षा निकाय र सम्बन्धित निकायका उच्चस्तरका प्रतिनिधि रहेको उक्त केन्द्र शनिबार आयोगको कार्यालय बहादुर भवनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले शुभारम्भ गरे ।

यही ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनका लागि जारी भएको निर्वाचन अनुगमन निर्देशिका र सुरक्षा निर्देशिकाबमोजिम गठित सो केन्द्रबाट नियमित अनुगमन, सूचना आदानप्रदान र निर्वाचन तयारीका क्रममा हुने समस्या तत्काल समाधान गर्ने प्रबन्ध मिलाइएको छ । उक्त केन्द्रको संयोजकमा आयोगका सहसचिव शालिग्राम शर्मा पौडेल रहेका छन् ।

**टिप्पणी र आदेश पर्खेर नबस्न निर्देशन**

प्रमुख आयुक्त थपलियाले यस केन्द्र सञ्चालनसँगै निर्वाचनको तयारी लगभग पूरा भएको सन्देश मिलेको र अब निर्वाचन हुने नहुने भन्ने शंकालाई थन्क्याइदिए हुने स्पष्ट गरे । उनले निर्वाचन व्यवस्थापन र सञ्चालनका लागि जिम्मेवारी र अधिकारका दृष्टिले केन्द्र माथिल्लो निकाय भएकाले कुनै समस्या आइपरेमा टिप्पणी र आदेश पर्खेर नबसी तत्काल सम्बोधन गर्न केन्द्रका अधिकारीलाई निर्देशन दिए ।

प्रमुख आयुक्त थपलियाले दललाई निर्वाचन आचारसंहिताको पालना गर्न र तडकभडकपूर्ण प्रचारप्रसार नगर्न आग्रह गर्दै भने, 'दल जनताको मनमनमा टाँसिने हो । पर्खालमा टाँसिएका पोस्टरमा होइन । त्यसैले उम्मेदवारी दर्ता गर्न जाँदा तीन/तीन इञ्चको पार्टीको झण्डा र निर्वाचन चिह्नबाहेक अरू कुरा प्रदर्शन गरिएमा उम्मेदवारी दर्तासँगै उम्मेदवारलाई संकट पनि पर्न सक्नेछ ।'

निर्वाचन सामग्री ढुवानी गरिँदै

आयोगले निर्वाचनको तयारीका लागि आवश्यक सामग्री ढुवानी गरी पठाउन थालेको छ भने वैशाख ११ र १२ गते मनोनयन दर्ता भएपछि मतपत्र पनि ढुवानी गरिने भएको छ । सहसचिव एवं प्रवक्ता शर्माले हालसम्म एक करोड ३६ लाख मतपत्र छपाइ भइसकेको जानकारी दिए ।

मुलुकभर ७५३ पालिकामा हुने निर्वाचनमा १० हजार ७५६ मतदानस्थल निर्धारण गरिएको छ । तयारीकै क्रममा यही वैशाख ८ गते सबै स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेको छ । आयोगले सर्वसाधारणका लागि निर्वाचनबारे कल सेन्टर पनि सञ्चालनमा ल्याएको छ ।

# प्रधानमन्त्रीसँग अमेरिकी सांसदको भेट

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवासँग नेपाल भ्रमणमा रहेको अमेरिकी संसद् सदस्यहरूको प्रतिनिधिमण्डलले शनिबार शिष्टाचार भेट गरेको छ ।

सांसद कर्सटन गिलिब्रान्ड नेतृत्वको पाँच सदस्यीय प्रतिनिधिमण्डलले प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा भेट गरेको हो । सो अवसरमा प्रधानमन्त्री र प्रतिनिधिमण्डलबीच बहुआयामिक नेपाल-अमेरिका सम्बन्धका विविध पक्षका साथै पारस्परिक हित र साझा चासोका विविध विषयमा विचार-विमर्श भएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।



नेपाल-अमेरिकामैत्री, दुवै देशका सरकार एवं संसद्का साथै जनताबीच साझेदारी र सहकार्य प्रवर्द्धनबारेमा पनि विचार आदानप्रदान भएको थियो । प्रधानमन्त्री र प्रतिनिधिमण्डलबीच जलवायु परिवर्तनजस्ता विश्वव्यापी विषयहरूमा छलफल भएको थियो ।

शनिबार नै परराष्ट्रमन्त्री डा. नारायण खड्कासँग पनि उक्त प्रतिनिधिमण्डलले भेटवार्ता गरेको छ । भेटका बेला दुवै पक्षले आर्थिक विकासलगायत विभिन्न क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा विचार आदानप्रदान गरेका थिए । दुवै पक्षबीच नेपाल-अमेरिकामैत्री दुईपक्षीय र बहुपक्षीयस्तरमा साझा चासोका मुद्दाबारे पनि छलफल भएको मन्त्रालयले जनाएको छ ।

आगामी सोमबार नेपाल र अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७५ वर्ष पूरा हुँदै छ । अमेरिकी सांसदको यो भ्रमणले दुई देशबीच संसदीय फाँटमासमेत आपसी सम्बन्ध सुमधुर तुल्याउन मद्दत पुग्ने विश्वास गरिएको छ ।

**यसरी आएको...**

बाँकी पृष्ठ १ बाट जारी

बैठकसमेत आह्वान गरे । त्यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ ।

लोकतन्त्र स्थापना भएपछि त्यसै वर्ष जेठ ४ गते बसेको प्रतिनिधि सभाको बैठकले राजतन्त्र निलम्बनसहित महत्वपूर्ण ऐतिहासिक घोषणा गरेको थियो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने संकल्प प्रस्ताव पारित गर्‍यो । यही घोषणाबमोजिम पहिलोपटक २०६४ चैत २८ गते संविधानसभाको निर्वाचनसमेत भएको थियो । त्यसअघि २०६३ मंसिर ११ मा माओवादी हतियार बिसाउँदै शान्तिपूर्ण राजनीतिमा आएको थियो ।

संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपालमा २४० वर्षे राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्‍यो । पहिलो संविधानसभाले संविधान बनाउन नसके पनि दोस्रो संविधानसभाबाट २०७२ असोज ३ गते संविधान जारी भई हाल कार्यान्वयनको क्रममा छ ।

**यी हुन् जनआन्दोलनमा मारिनेहरू:**

दर्शनलाल यादव, भीमसेन दाहाल, तुलसी क्षेत्री, शिवहरी कुँवर, विष्णु पाण्डे, हिरालाल गौतम, सेतु विक, राजन गिरी, सुरज विश्वास, यामलाल लामिछाने, वासुदेव घिमिरे, दीपक विश्वकर्मा, सगुन ताम्राकार, गोविन्दनाथ शर्मा, प्रद्युम्न खड्का, जहाँगिर खान, अनिलकुमार लामा र चन्द्र बयलकोटी ।

**जनआन्दोलनको १९ दिनबाहेक त्यसअघि मारिनेहरू :**

देवीलाल पौडेल, उमेशचन्द्र थापा, होरीलाल राना चौधरी, प्रा. हरिराज अधिकारी, लालबहादुर विष्ट, चक्रराज जोशी र ताहिर अन्सारी ।

**यस्तो छ लोकतन्त्र स्थापनाको टँडमलाइन :**

२०६२ **चैत २४–** सात दलद्वारा आमहडतालको सुरुआत

२०६२ **चैत २५–** पाटन र कीर्तिपुरमा आन्दोलनकारीमाथि प्रहरीले चलाएको रबरको गोलीबाट तीन जना घाइते । आमहडतालको समर्थनमा नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीद्वारा कार्यालयको काम ठप्प । सरकारी स्वामित्वमा रहेका नेपाल टेलिकम र नेपाल विद्युत् प्राधिकरणका कर्मचारीद्वारा लोकतन्त्रको पक्षमा नाराजुलुस

२०६२ **चैत २६–** मा पोखराको महेन्द्रपुलमा सेनाको गोलीबाट भीमसेन दाहालको मृत्यु

२०६२ **चैत २७–** सात दलसम्बद्ध संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिको बैठकले कफर्चू तथा निषेधाज्ञाको अवज्ञा गर्दै विरोध प्रदर्शन तथा आमहडताललाई अझ सशक्त र प्रभावकारी ढंगले निरन्तरता दिने घोषणा

२०६२ **चैत २८–** कफर्चू फिर्ता गरी प्रजातन्त्र बहाली गर्न माग गर्दै वीर अस्पतालका चिकित्सक आन्दोलनमा

२०६२ **चैत ३१–** कानुन व्यवसायीले निकालेको जुलुसमा प्रहरीले गोली प्रहार र लाठी चार्ज गर्दा २८ जनाभन्दा धेरै घाइते

२०६३ **वैशाख १–** आन्दोलनरत दलहरूको आमहडताल र विरोध प्रदर्शनको निरन्तरता

**वैशाख ३–** प्रदर्शन रोक्न काठमाडौंको बल्खु र ललितपुरको पाटन मंगलबजारमा प्रहरीले अन्धाधुन्ध गोली प्रहार गर्दा १३ जना गम्भीर घाइते

२०६३ **वैशाख ५–** अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एमनेस्टी इन्टरनेसनल, ह्युमन राइट वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्टले नेपालको मानवाधिकार स्थितिबारे स्वीट्जरल्यान्ड सरकारले जेनेभामा आयोजना गरेको बैठकमा राजा ज्ञानेन्द्र, वरिष्ठ सहयोगी र सैनिक उच्च पदाधिकारीहरूलाई अरू देश प्रवेशमा रोक लगाउन र तिनका सम्पत्ति रोक्न आह्वान, गृह मन्त्रालय र नेपाल राष्ट्र बैंकका कर्मचारीको प्रदर्शन सुरु

२०६३ **वैशाख ७–** प्रदर्शनकारीद्वारा कफर्चू आदेश अवज्ञा । पाँच लाखभन्दा बढी आन्दोलनकारी प्रदर्शनमा । कलंकीमा प्रहरीले चलाएको गोलीबाट ३ जनाको मृत्यु । छ दर्जनभन्दा बढी व्यक्ति गम्भीर घाइते ।

२०६३ **वैशाख ८–** राजा ज्ञानेन्द्रद्वारा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम देशको शासन व्यवस्थाको अभिभारा ग्रहण गर्न मन्त्रिपरिषद् गठन गर्नका लागि प्रधानमन्त्री पदका लागि यथाशीघ्र नाम सिफारिस गर्न सात राजनीतिक दललाई आह्वान । मुलुकको कार्यकारिणी अधिकार जनतामा फिर्ता गरेको घोषणा

२०६३ **वैशाख १०–** शाही सम्बोधनको विरोधमा मुलुकभर कफर्चू र निषेधाज्ञा तोड्दै जनप्रदर्शन जारी । काठमाडौंको शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीले कोटेश्वर, बुद्धनगर, कलंकी, बालाजुलगायतका ठाउँमा अन्धाधुन्ध गोली, लाठी र अश्रुग्यास प्रहार गर्दा ५७ जना गम्भीर घाइते

२०६३ **वैशाख ११–** राजा ज्ञानेन्द्रद्वारा राति ११:३० मा देशबासीका नाममा सम्बोधन । सम्बोधनमा राजाबाट नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै रहेको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहीत रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्दै तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा २०५८ जेठ ८ मा विघटित भएको प्रतिनिधिसभालाई नेपालको संविधान २०४७ बमोजिम पुनःस्थापित गरी, पुनःस्थापित प्रतिनिधिसभाको बैठक वैशाख १५ गते शुक्रबार दिनको १ बजे संसद् भवन सिंहदरबारमा बस्ने गरि आह्वान ।

२०६३ **वैशाख १४–** राजा ज्ञानेन्द्रद्वारा सात राजनीतिक दलको सर्वसम्मत निर्णयका आधारमा नेपाली कांग्रेस संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालालाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्री पदमा नियुक्त

२०६३ वैशाख २९- जनआन्दोलन दबाउनेमाथि छानबिन गर्न गठित उच्चस्तरीय छनबिन आयोगको सिफारिसमा निवर्तमान सरकारका कमल थापा, रमेशनाथ पाण्डे, श्रीर्ष शमशेर राणा, टंक ढकाल र निक्षशमशेर राणालाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत ९० दिनको पुर्जी दिई गिरफ्तार ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ वैशाख ११ गते आइतबार (तिथिः अठवीं उपरांत नवमी, नक्षत्रः श्रवण, कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | महत्त्वपूर्ण भेटघाट हुनेछ । |
| **वृष** | बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| **मिथुन** | अनावश्यक खर्च हुनेछ । |
| **कर्कट** | राजनीतिक कार्य सफल हुनेछ । |
| **सिंह** | स्वास्थ्य राम्रो रहनेछ । |
| **कन्या** | विदेश यात्रा तथा रोजगार प्राप्तिको योग छ । |
| **तुला** | पारिवारिक कार्य सफल हुनेछ । |
| **वृश्चिक** | पराक्रम वृद्धि हुने योग छ । |
| **धनु** | जीवनसाथीको सहयोग प्राप्त हुनेछ । |
| **मकर** | विरोधी सक्रिय रहनेछ तर असफल हुनेछ । |
| **कुम्भ** | व्यापारिक प्रगति राम्रो हुनेछ । |
| **मीन** | उन्नतिको मार्ग खुल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख ११ गते, २०७९, २४ अप्रिल २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# डब्ल्युएचओका महानिर्देशक जेनेभा प्रस्थान



■ प्रभाव संवाददाता

**काठमाडौं-** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)का महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयसस नेपालको तीनदिने भ्रमण पूरा गरी शनिबार जेनेभातर्फ प्रस्थान गरेका छन् । उनी स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाको निमन्त्रणामा नेपाल भ्रमणमा आएका थिए । महानिर्देशकका साथ डब्ल्युएचओको दक्षिण पूर्व-एसिया क्षेत्रीय कार्यालयका क्षेत्रीय निर्देशक डा.पुनम खेत्रपाल र डब्ल्युएचओका अन्य अधिकारीहरू पनि शनिबार नै जेनेभा प्रस्थान गरे ।

भ्रमणका क्रममा उनले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, परराष्ट्रमन्त्री डा.नारायण खड्का र मन्त्री खतिवडासँग बेग्लाबेग्लै शिष्टाचार भेट गरेका थिए ।

महानिर्देशक नेतृत्वको प्रतिनिधिमण्डललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र परराष्ट्र मन्त्रालयका उच्च अधिकारीहरूले बिदाइ गरेका थिए ।

## आजदेखि मनोनयन...

बाँकी पृष्ठ १ बाट जारी

उम्मेदवारको हुन्छ भन्ने कुरा निर्विवाद छ,' आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०७८ र ६० बुँदे निर्देशनप्रति पूर्ण प्रतिबद्धता जनाएका राजनीतिक दलका उम्मेदवारले यसको अक्षरशः पालना गर्नेमा आयोग आश्वस्त रहेको छ ।'

उम्मेदवारीका लागि मनोनयनपत्र दर्ता गर्न जाँदा निर्वाचन आचारसंहिताले तोकेबमोजिमको आचरण पालना गरिदिन आयोग सबैमा हार्दिक अपिल गरेको छ । आचारसंहिताविपरीत कार्य भए/गरेको पाइएमा आयोगले कानुनबमोजिम कारबाही हुने र यसबाट उम्मेदवारको उम्मेदवारी प्रक्रियामा नै गम्भीर असर पर्न सक्नेतर्फ पनि आयोगले सचेत गराएको छ ।

हार्दिक बधाई
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नवौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।
NRC
Lic.No. :1004/068/69
NEPAL RECRUITMENT CONSULTANCY PVT.LTD.
Sambhu Marg-Airport, Kathmandu, Nepal,
Tel.: +977-1-4485647, 4485648
Fax: +977-1-4485649, Email: info@nrc.com.np,
Wmail: info@greentaraoverseas.com.np

हार्दिक शुभकामना
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।
International Manpower Recruitment Pvt.Ltd
License No: 309/059/060
Gwarko 7, Lalitpur, Nepal
Tell: 01- 5204346, 5204347,5204348
Email : info@imrsolution.com/admin@imrsolution.c
Website : www.imrsolution.com

हार्दिक बधाई
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नवौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।
Lic.No.404/060/61
GURUNG MANAGEMENT OVERSEAS PVT.LTD.
Basundhara, Kathmandu, Nepal
Tel.: 977-1-4386936 , 4388012 , 4388013 , 4380659
Email:info@gurungoverseas.com.np, gurungoverseas@gmail.com

हार्दिक बधाई
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नवौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।
SYMBOL OF FRATERNITY
Lic.No. :226/058/059
FELICITY INTERNATIONAL EMPLOYMENT AGENCY PVT. LTD
Kathmandu N.P.-26,Samakhushi, Kathmandu,BAGMATI
Tel.: 00977-1-4950794, 4956420
Email: felicity@infoclub.com.np

हार्दिक बधाई
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नवौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।
MANPOWER Service Pvt. Ltd.
G.R. MANPOWER SERVICE PVT. LTD.
Samakhusi-10,Samakhusi, Kathmandu,BAGMAT
Email: INFO@GGINEPAL.COM.NP
Tel:+97714465667 | +97714465324

हार्दिक बधाई
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नवौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।
Lic.No. 1370/074/75
Namo Buddha Recruitment Pvt.Ltd
samakhushi-26 Kathmandu, Nepal
Tel:-+977-01-4383168
Email:- nfo@namobuddharecruitment.com

हार्दिक बधाई
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नवौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।
PALIV
Lic.No. 1164/073/74
INTERNATIOAL PVT. LTD.
Chappal Karkhana 04, Kathmandu
Tel.: +977 1 4418268, 4418716
Email:palivinternational74@gmail.com

हार्दिक बधाई
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नवौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।
Lic.No. 83/053/54
MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Tokha Municipality-05, Basundhara-5, Kathmandu,BAGMATI
Tel.: 977 1 4359905/4385829/4385832
Email:mobhiraoverseas111, mobhiraoverseas222@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कालो युग अन्त्य भएको दिन

आज वैशाख ११ । वैशाख ११ भन्नेबित्तिकै धेरै सोच्नै पर्दैन, देशमा लोकतन्त्र स्थापना भएको दिन । १९ दिन लामो कठिन र संघर्षपूर्ण जनआन्दोलनपछि २४० वर्ष लामो राजतन्त्रात्मक व्यवस्था अन्त्य भएको दिन हो, वैशाख ११ । २०६३ साल वैशाख ११ गते राति तत्कालीन राजा ज्ञानेन्द्र शाहले 'जनताको नासो जनतालाई नै फिर्ता गरेको'त वक्तव्य जारी गर्दै जनताको शक्तिसामु घुँडा टेकेका थिए । त्यसपछि नेपालमा २४० वर्षसम्म चलेको राजतन्त्रात्मक व्यवस्था ढल्ने आधार बन्यो । देश संविधानसभाको निर्वाचन र गणतन्त्र स्थापनाको दिशातर्फ अघि बढ्यो ।

त्यसकारण भन्न सकिन्छ, दोस्रो जनआन्दोलन राजतन्त्र अन्त्यको मियो मात्र थिएन, १० वर्ष लामो समय चलेको माओवादी सशस्त्र युद्धको अन्त्य र गणतन्त्र स्थापनाको प्रस्थानबिन्दु पनि थियो । आज देशमा लोकतन्त्र स्थापना भएको १६ वर्ष भयो । लोकतन्त्रको जगमा गणतन्त्र स्थापना भएको १४ वर्ष भयो । यसबीचमा दुईपटक संविधानसभाको निर्वाचन भयो । संविधान जारी भयो । देश संघीयतामा प्रवेश गऱ्यो । स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन भयो । र, देश फेरि दोस्रोपटक स्थानीय तह निर्वाचनको संघारमा छ ।

नेपालको राजनीतिक परिवर्तनमा जनताले महत्त्वपूर्ण योगदान गरेका छन् । त्यो २०४६ सालको पहिलो जनआन्दोलनमा होस् या २०६२/६३ को दोस्रो जनआन्दोलन । माओवादी सशस्त्र युद्ध वा मधेस आन्दोलन नै किन नहोस् । जनताको त्याग, बलिदान र सहभागिताबाट मात्रै यी आन्दोलन सफल भएका हुन् । परिवर्तन सम्भव भएको हो ।

वास्तवमा जनता नै परिवर्तनका संवाहक हुन्, परिवर्तनका खम्बा हुन् र परिवर्तनका हकदार हुन् भन्ने यसले पनि पुष्टि गर्छ । जनता नहोमिँदा हुन् त राजनीतिक दलको शक्तिले मात्र यस्ता परिवर्तनहरू सम्भव हुने थिएनन् । त्यसकारण आन्दोलनपछिको परिवर्तनको पहिलो हकदार जनता नै हुन् । परिवर्तनका लागि लडेका दलले, लडाइँका लागि आह्वान गरेका दलले जनतालाई पहिलो प्राथमिकता दिनु उत्तम हो । आजको दिन जनताका लागि महाउत्सवको दिन हो ।

तर, दुःखका साथ भन्नुपर्ने हुन्छ, विभिन्न परिवर्तनका लागि रगत, पसिना बगाएका जनताहरूले त्यसको खास उपयोग गर्न पाएनन् । अहिले पनि जनआन्दोलनमा लागेकाहरूले घाइते, अपांग जीवन बाँचिरहेका छन् । मृतकका आफन्तले राज्यको आडभरोसा पाउन सकेका छैनन् । उस्तै पीडा छ माओवादी आन्दोलनमा लाग्नेहरूको । हजारौंले आफन्त गुमाए । सयौं बेपत्ता छन् । अझ कहालीलाग्दो कुरा त हिजो माओवादी आन्दोलनमा सहभागी भएर लडेका कैयौं लडाकूहरू अहिले खाडीको तातो घाममा रगत, पसिना बगाइरहेका छन् । उनीहरूले देखेका सपना, देखाइएका सपना फगत मृगतृष्णा बन्न पुगेका छन् ।

यी परिवर्तनको फाइदा केही सीमित व्यक्तिले लिए । हिजो स्वर्णिम सपना देखाउनेहरूले त्यसलाई भुलेका छन् । जसले गर्दा परिवर्तनका लागि लडेकाहरूमा पीडा छ । वितृष्णा छ । पश्चाताप छ । आज कुनै पनि नेपाली नागरिकले स्वतन्त्रतापूर्वक बोल्न, हिँड्न, लेख्न पाउने वातावरण बन्नुमा ती महान हस्तीहरूको योगदान छ । जसले आफ्नो प्राणको आहूति दिए । जसले अहिले पनि घाइते, अपांग जीवन बाँचिरहेका छन् । यसर्थ, उनीहरूलाई कुनै हालतमा अपमान गरिनु हुन्न । उनीहरूको योगदानको अवमूल्यन गरिनुहुन्न । सलाम छ ती तमाम योद्धाहरूलाई, जसका कारण एउटा कालो युगको अन्त्य भयो, स्वर्णिम युगको सुरूआत भयो । जसले परिवर्तनको बिगुल फुके । सम्मान छ हृदयदेखि नै । र, सबैलाई शुभकामना छ लोकतन्त्र दिवसको ।



▶▶आचार्य श्री स्वामी ध्रुव

# ध्यानः एउटा वैज्ञानिक धर्म

*यदृच्छा लाभ संतुष्टों द्वन्द्वातीतो विमत्सरः ।*
*समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥ (गीता ४-२२)*

जुन मान्छे बिनाइच्छा वा अपेक्षाको ईर्ष्यारहित भएर, आफैं प्राप्त पदार्थबाट सँधै सन्तुष्ट रहन्छ । सफलता र असफलता दुवैमा समभाव राख्छ त्यो मान्छे कुनै पनि कर्म बन्धनसित माथि रहन्छ ।'

हुनत अनुकूल र प्रतिकूल परिस्थितिमा सन्तुलन राख्न मुस्किल छ । तर, अभ्यास गऱ्यौं भने सजिलोसित हामी मनलाई सन्तुलित राख्न सक्छौं । कर्मबन्धन नै दुःखको कारण छ । यस कुरालाई हामीले सदैव याद राख्नु पर्छ ।

स्थिति, परिस्थिति र व्यक्ति मानवीय तनाबको यो तीनवटा कारण छ । यसबाट मुक्तिका लागि दुईवटा उपाय छ । पहिलो समझ र दोश्रो ध्यान । जसरी कम्प्युटरको डाटा सुरक्षित राख्नका लागि हामी एन्टीभाइरस लगाउँछौं । त्यस्तै हाम्रो मनमा पनि ध्यान र समझको एन्टीभाइरस लगाउनु पर्छ । समझ भन्नाले दैनिक जीवनमा अनुभव र ज्ञानको उपयोग गर्ने । ध्यान भन्नाले दैनिक जीवनमा मन शान्त गर्नका लागि प्रयोग गर्ने कुनै पनि एउटा विधि ।

भगवान शिवको विज्ञान भैरवतन्त्र किताबका अनुसार १०८ प्रकारका ध्यान विधिहरू छन् । यिनीहरूमध्ये कुनै पनि एउटा ध्यानविधिको प्रयोग गरेर हामी यसको लाभ लिन सक्छौं । सम्पूर्ण जगतका सबै मानिसहरूको आन्तरिक कामना एउटै छ । त्यो कामना छ सुख-शान्ति-सफलता-सम्मान-सुरक्षा र सहयोग । सम्पूर्ण मानिसमा तीन प्रकारका चेतना छन् । त्यसमध्ये केही मानिसहरू ब्रह्मको आनन्द (ब्रह्मानन्द) लिन्छ वा लिने प्रयासमा रहन्छ । यिनीहरू मस्त रहन्छन । केही मानिसहरू प्रेमको आनन्द (प्रेमानन्द, यो लोग्ने-स्वास्नीको प्रेम होइन) लिन्छन् वा लिने प्रयास गर्छन् । यसअन्तर्गत प्रकृति प्रेम, आफ्नो चाहनाप्रति प्रेम तथा रुचि अनुसार घुम्ने, खाने व शौख पूरा गर्ने हुन्छ । यसमा देशभक्त, कवि, लेखक तथा कलाकारहरू आउँछन् । यिनीहरू व्यस्त रहन्छन् । केही मानिसहरू सांसारिक वा भौतिकताबाट आनन्द लिने असफल प्रयास गर्छन् । यिनीहरू त्रस्त रहन्छन् । यसबाट सावित भयो कि आनन्द हामीलाई जसरी पनि चाहिन्छ । कसैले आनन्दका लागि आध्यात्माको बाटो लाग्छ । अब प्रश्न उठ्छ कि हामी आनन्दको खोजीमा किन लागेका छौं ? यसको उत्तर छ - जब हामी नौ महिनासम्म आमाको गर्भमा रहन्छौं, त्योबेला हामीलाई दिव्य आनन्द (म्लतभचलबां द्यष्किक)को अनुभूति भइरहन्छ । यसकारण आनन्द हाम्रो डीएनएमा नै छ । उपनिषदका अनुसार- 'आनन्दबाट मनुष्यको जन्म भएछ । आनन्दका लागि बााचिरहेछ र अन्त्यमा आनन्दको महासागरमा विलीन हुन जान्छ ।'

महायोगी र महातपस्वीहरूले आनन्दलाई नै भगवान भन्नु भएछ । हो पनि । किनकि सत्यम् शिवम् सुन्दरम्को मतलब पनि यही नै हुन्छ । सत्य नै शिव छ र शिव नै सुन्दर छ । अब हामीले बुझ्नु र सम्झनु पर्छ कि जुन आन्तरिक आनन्दको प्यास हामीलाई छ र आ-आफ्नो क्षमता र समझ अनुसार खोजिरहेका छौं त्यो बाहिर कुनै पनि ठाउँमा छैन । त्यो दिव्य आनन्द हामीभित्र छ । यो बुझ्नका लागि सांसारिक वा आध्यात्मिक जगतमा ध्यान-साधना बाहेक कुनै उपाय नै छैन । ध्यान-योगको कुनै पनि धर्मसित सम्बन्ध छैन, यो शुद्ध विज्ञान हो । जसरी विज्ञानका कारण र परिणामबाट प्रारम्भ हुन्छ । कसैले पनि ध्यान गरेर यसको लाभ हेर्न सक्छ । चूँकि ध्यानयोगको सम्बन्ध कुनै धर्म विशेषसित छैन । यसकारण सबै धर्मका मानिस बिनाहिच्किचाहट यसको प्रयोग गर्न सक्छन् । र, गरिरहेका पनि छन् । कुनै पनि व्यक्ति दैनिक पन्ध्र मिनेटको अभ्यास गरेर यसको चामत्कारिक लाभ हेर्न सक्छ । तर, कम्तीमा ४५ दिन गरेपछि मात्र यसको प्रभाव हेर्न सक्छ । वर्तमान समयमा सर्वधर्मको व्यक्तिहरू ध्यान-साधना गरिरहेका पनि छन् । डाक्टरहरू पनि ध्यान-साधनाका लागि सल्लाह दिइरहेका छन् । औषधि निर्माता कम्पनीहरू मेडिटेसन म्युजिक पनि निकालिरहेका छन् । हामी को हौं, कहाँबाट आएका छौं, मरेपछि कता जानछु ? यो सबै प्रश्नको जवाफ ध्यान-योगसित छ ।

ध्यानको वैज्ञानिक प्रभाव

हाम्रो शरीरको व्यवस्थापन राम्रो तरिकाले गर्नका लागि ग्लैंडहरूले विभिन्न प्रकारका हर्मोन र रसायनको उत्पादन गर्छ । जसले गर्दा स्वास्थ्य, कार्यक्षमता, धैर्यता, आत्मविश्वास, समझ र शान्तिमा वृद्धि हुन्छ । तर, विशेष कुरा के छ भने जब मन शान्त रहन्छ, त्यो बेला र जब हामी गहिरो निद्रामा रहन्छौं त्योबेला मात्र ग्लैंडहरूले विभिन्न हर्मोनको श्राव गर्छ । यो हर्मोनहरूले नै मानसिक शान्ति, आध्यात्मिक ज्ञान, उच्च समझ तथा परम सन्तोषको अनुभूति गराउँछ । यति मात्र हैन विवेक, सन्तुष्टि र सकारात्मक सोचमा पनि वृद्धि गर्छ ।

वर्तमान भागदौड, अस्तव्यस्त तथा अत्यधिक प्रदूषित वातावरण भएका कारण ग्लैंडको कार्यक्षमता असन्तुलित भइसकेको छ । निद्रा पनि राम्रो लाग्दैन । जुन बेला निद्रा आउँछ त्यो बेला सुत्नेका लागि समय रहँदैन र सुत्नेको समय पाउने बेला निद्रा नै रहँदैन । यो अति नै जटिल समस्याबाट मुक्तिका लागि हामीलाई दैनिक एउटा ध्यान साधना गर्नु पर्छ ।

माइन्ड म्यानेजमेन्ट मेडिटेसन टेक्निक (मनस प्रबन्धन ध्यान विधि)

हुनत जुनबेला पनि ध्यान गर्न सकिन्छ । तर, प्रातःकाल र निश्चित समयमा ध्यान गर्नु धेरै उपयुक्त हुन्छ । ध्यान प्रारम्भ गर्न पहिला कति मिनेटका लागि ध्यानमा बस्नुहुन्छ यो मनमा सोच्नु पर्छ । किनकि यो सोचेपछि समय पूरा भएपछि हाइपोथेलेमसले संकेत गरिदिन्छ ।

खुकुलो लुगा लगाएर सुखासनमा सुखपूर्वक लगातार १५ मिनेटसम्म आँखा बन्द गरेर बसिराख्ने । बसेपछि आमा-बुवाको अनुहार सम्झिने । सबैको कल्याण होस्, सबैको जीवन सुखी होस् भनेर प्रार्थना गर्ने । त्यसपछि आफ्नो अनुहारलाई सम्झिने । त्यसपछि आसपासको सबै प्रकारको आवाजहरूलाई सुन्ने । पहिलो चरणमा लगातार पाँच मिनेटसम्म नाकबाट तीव्र गतिले गहिरो र लामो सास लिने र छोडने । त्यसपछि दश मिनेटसम्म एकदम शान्त र शिथिल भएर स्वतः चलिरहेको साससमाथि पूर्ण रूपमा ध्यान लगाउने । प्रत्येक श्वाास-प्रश्वासलाई अनुभव गर्दै जाने । ध्यान गर्ने बेला मनमा विचारको प्रभाव तेज हुन्छ तर, तपाईं त्यस विचारलाई राम्रो वा नराम्रो नभन्नु होला ।

यसको नियमित प्रयासबाट विचार हराउँदै जान्छ । प्रत्येक दिन चेतनाको स्तरमा स्वच्छता आउँदै जान्छ । २४ घण्टामा १४४० मिनेट हुन्छ । तर, १५ मिनेट निकाल्न पनि हामीलाई गाह्रो हुन्छ । प्रतिदिन हाम्रो मनले २ वटा बहाना बनाउँछ । तर, जबसम्म गर्नुहुन्न । हाम्रो जीवन स्वस्थ, सुखी र आनन्दित हुन सक्दैन । कति दिनसम्म हामी यस पृथ्वी ग्रहमा रहन्छौं हामीलाई

> **हुनत जुनबेला पनि ध्यान गर्न सकिन्छ । तर, प्रातःकाल र निश्चित समयमा ध्यान गर्नु धेरै उपयुक्त हुन्छ । ध्यान प्रारम्भ गर्न पहिला कति मिनेटका लागि ध्यानमा बस्नुहुन्छ यो मनमा सोच्नु पर्छ । किनकि यो सोचेपछि समय पूरा भएपछि हाइपोथेलेमसले संकेत गरिदिन्छ ।**

थाहा छैन । जीवनको रहस्यलाई बुझ्नका लागि आजदेखि ध्यान साधना गर्नुस् । जीवनको कुनैपनि समस्याको समाधान सँगै-सँगै आउँछ । धेरै समस्या र तनावका कारण हामी गलत क्रियाकलाप गर्दछौं । भन्नाले गलत सोच, अशुद्ध भाव, तथा नकारात्मक विचार । जसरी पानी तलतिर भाग्छ र आगोको लप्का माथितिर जान्छ । त्यस्तै, मनको पनि स्वभाव हो तलतिर जाने । यसलाई माथि उठाउनका लागि ध्यानको शक्तिको आवश्यकता पर्दछ । आध्यात्मिक जगतमा सांसारिक समस्यासित मुक्तिकाा लागि ध्यान नै प्रथम र अन्तिम बाटो छ ।

यसको लाभ

अनावश्यक इच्छा र विचारहरूसित मुक्ति, तनाव र अवसादबाट मुक्ति, इम्युन शक्तिमा वृद्धि, उच्च र निम्न रगत दबाबलाई सन्तुलित तथा दर्द र अनिद्राबाट मुक्ति । यसबाहेक एकाग्रता, धैर्य, आत्मविकास, स्मरणशक्ति र शान्तिमा वृद्धि गर्छ ।

*(लेखक माइन्ड म्यानेजमेन्ट इन्टरनेसनलका निर्देशक हुन् ।)*

## मनन्योग्य

### विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो । मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एव्म प्यारो साथी हुन् । अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ । यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१ सन्धि - शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनु-दिनुको सम्झौता गर्नु ।

२ विग्रह - शत्रु वा अरु विधर्मी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु ।

३ यान - शत्ररलाई आक्रमण गर्नु ।

४ आसन - उत्तेजित पार्ने खालको शत्ररको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु ।

५ द्वैधीभाव - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ ।

**क्रमशः**

## पत्र-मञ्जुषा

# मुलुक बनाउने नेताको खोजी

हामीले अटोशोरुममा गएर गाडी किन्छौं । तर, त्यो गाडी चलाउन सक्षम चालक भएन भने जतिबेला पनि दुर्घटनामा पर्नसक्छ । गाडी दुर्घटनामा परेपछि आफू पनि मर्छ अरूलाई पनि मार्छ । तर, त्यसमा गाडीको त केही दोष छैन । किनकि, त्यो गाडी त नयाँ थियो । तर, अनुभव नभएको र गतिलो चालक नराख्दा चालककै कारणले लगानी डुब्यो । दुर्घटना भयो, अकालमा कसैको ज्यान गयो । यो उदाहरण पनि ठ्याक्कै हाम्रो मुलुकमा लागू भयो । जसरी गाडी चलाउनलाई ड्राइभर राखिएको छ, देश चलाउनलाई नेता छन् । ड्राइभर गतिलो भयो भने उसले यात्रुलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउँछन् । नेता गतिलो भयो भने देशको पूरै रूप फेरिन्छ । तर, नेताहरू कामचोर, भ्रष्टाचारी र घुसखोरी भएको देशका जनताले जति दुःख सायदै अरू कसैले खेप्नुपर्छ होला ।

अरू मुलुकलाई र नेपालसँग तुलना गरौं । नेपाल सबैभन्दा पुरानो मुलुक भए पनि यहाँको स्थिति निकै नै कहालीलाग्दो छ । तर, अरू मुलुकका नेताहरूले देशलाई सबै स्रोत साधनका समृद्ध भएर देखाए । हाम्रोभन्दा ढिलो पहिचान पाएका मुलुकहरू आज कहाँबाट कहाँ पुगिसके । यात्रुलाई सुरक्षित यात्रा गराउन, राम्रो बोलीवचन गर्नु र चढ्दा ओराल्दा सहज बनाउनु सहचालकको पनि जिम्मेवारी हो । तर, हाम्रो देशको नेतासँग खलासी बन्नसक्ने क्षमता पनि छैन । भाषण दिइरहेको बेला गालीगलौज गर्ने, गुण्डागर्दी देखाउने र अरूलाई बेइज्जत गरेर आफूलाई माथि देखाउन खोज्ने उनीहरूको आनीबानी जस्तै भइसकेको छ । अरूलाई गाली गर्दा आफू ठूलो देखिने सोचाइ राजनीतिक दलका नेताहरूमा देखिन्छ । कतिखेर कुन शब्दको प्रयोग गर्नुपर्छ यिनीहरूलाई थाहा छैन ।

यिनीहरूलाई आउने दुईटा कुराः जनता ढाँट्न, भ्रष्टाचार गर्न । यस्ता राजनीतिक दलबाट मुलुकमा विकास हुन्छ भन्ने जनतालाई विश्वास छैन । देशले फड्को मार्ला, महँगी नियन्त्रणमा आउला भन्ने पनि जनतालाई छैन । साथै, विदेशीको ऋणमा दलदलबाट नेपालले छुटकारा पाउलान् भनेर नसोच्नु नै बेस होला । हाम्रो मुलुकमा भएका नेताहरू कुनै भारत, कुनै अमेरिका र कुनै चीनको दलाली हुन् । जसरी यातायात कार्यालयमा लेखनदासहरू दलाली गर्न बसेका हुन्छन् । आफ्नै पार्टीका कार्यकर्ताले मात्र नेताको रूपबाट हेरेका छन् । कुनै कार्यक्रममा नेता आएर भाषण गऱ्यो भने जनताले एउटै कुरा भन्छन्- फटाहाले भाषण दिइरहेको छ ।

किनकि, नेपालीहरू राजनीतिक दलसँग वाकदिक्क भइसकेका छन् । पटक-पटक दोहोऱ्याएर प्रधानमन्त्री भएका तथा ठूलो आकांक्षा राखेर प्रधानमन्त्री बनेका अहिलेसम्मका प्रधानमन्त्रीहरूले कुनै पनि गतिलो काम गर्न सकेका छैनन्, त्यसमा हालका प्रधानमन्त्री शेरबहादुर देउवा होस् या पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, बाबुराम भट्टराईलगायत सबैको काम जनताले हेरिसकेका छन् । जनताको निष्कर्ष छ- यो देशले गतिलो नेता नपाउँदा विकास हुन सकेन । जनताले सधैं सास्ती बेहोर्नुपऱ्यो । मुलुक बनाउने नेताको खोजीमा छन् जनता ।


*अञ्जना श्रेष्ठ, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.



शिवालय गाउँपालिका-१ छेडाबजारस्थित भेरी नदीमा माछा मार्नका लागि भेरीमा पासा राख्दै एक महिला । *तस्बिरः रासस*

# औद्योगिक क्षेत्रको जग्गा अतिक्रमणको जोखिममा

**राँझा–** बाँकेको नौवस्ता औद्योगिक क्षेत्रको जग्गा अतिक्रमणको जोखिममा पर्दै गएको छ । शिलान्यास भएको एक वर्ष बितिसक्दा पनि नौवस्ता औद्योगिक क्षेत्र परियोजनाको काम सुरु हुन नसक्दा जग्गा संरक्षणमा चुनौती देखिएको छ । विसं २०७७ फागुन ११ गते तत्कालीन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले औद्योगिक क्षेत्र शिलान्यास गर्दा उत्साहित भएका यहाँका उद्योगी व्यवसायी १३ महिना बितिसक्दासमेत कुनै काम सुरु नहुँदा निराश बन्न पुगेका छन् ।

औद्योगिक क्षेत्र निर्माणस्थल बैजनाथ गाउँपालिका-३ मा छुट्याइएको ३३८ बिघा क्षेत्रफल जमिनभित्रै २६८ स्थानीयले घर टहरा बनाएको हुँदा उनीहरूको अवरोधकै कारण निर्माण कार्य सुरु गर्न नसकिएको नेपालगञ्ज औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख कृष्णबहादुर पुनले बताए ।

उनका अनुसार काम सुरु नहुँदा औद्योगिक क्षेत्रको जमिनमा घरटहरा थपिने जोखिम रहेको छ । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको तथ्यांकमा २६८ घर टहरा रहे पनि त्यहाँ बसोबास गर्दै आएका स्थानीयले त्यो संख्या बढेको दाबी गर्दै आएका छन् ।



सरकारले चालु आर्थिक वर्षमा नौवस्ता औद्योगिक क्षेत्रमा जग्गा विकास कार्य गर्न ७५ करोड, वन व्यवस्थापनका लागि दुई करोड र प्रशासकीय भवन निर्माणका लागि एक करोड विनियोजन गरेको थियो ।

औद्योगिक क्षेत्रको जग्गामा रहेको बस्ती व्यवस्थापनका लागि पटक-पटकको प्रयास सफल हुन नसकेपछि निर्माण कार्य सुरु हुन नसकेको हो । विसं २०७२ साल चैत १ गते औद्योगिक क्षेत्र निर्माण गर्ने सरकारले निर्णय गरेको थियो । छ वर्ष बितिसक्दासम्म परियोजनाको डीपीआर र इआइएबाहेक अरू कुनै काम गर्न नसकिएको नेपालगञ्ज औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख पुनले बताए ।

नेपालगञ्ज उद्योग वाणिज्य संघले बाँकेको नौवस्तामा निर्माण हुन लागेको औद्योगिक क्षेत्रको काम द्रुतरूपमा अघि बढाउनका लागि पटक-पटक आग्रह गर्दै आएको छ । संघका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले औद्योगिक क्षेत्र निर्माणको काममा बिलम्ब नगर्न उद्योगी व्यवसायीले पटकपटक सुझाव दिएको बताए ।

नौवस्ता औद्योगिक क्षेत्रको डीपीआरअनुसार त्यहाँ तीन सय उद्योग स्थापना हुनेछन् । तीन सय ५० बढी व्यवसायीले उद्योग सञ्चालनका लागि आशयपत्रसमेत दर्ता गरिसकेका छन् । *रासस*

# स्थानीय तहको निर्वाचनमा सीमा बन्द गर्ने सहमति

■ प्रभाव संवाददाता

सुदूरपश्चिम- यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन हुने दिनभन्दा ४८ घण्टा अघिदेखि सीमानाकामा आवागमन बन्द गर्ने सहमति भएको छ ।

स्थानीय तह निर्वाचनलाई लक्ष्य गरी कैलालीको गोदावरीमा शनिबार भएको 'नेपाल-भारत सीमा समन्वय बैठक'मा निर्वाचन हुने दिनभन्दा ४८ घण्टा अघिदेखि सीमानाकामा आवागमन बन्द गर्ने सहमति भएको छ ।

अत्यावश्यक सेवाबाहेक निर्वाचन हुने दिनभन्दा ४८ घण्टा अघिदेखि सीमानाकामा आवागमन बन्द गरी सीमा सुरक्षा चुस्त बनाउने सहमति भएको कैलालीका प्रमुख जिल्ला अधिकारी किरण थापाले जानकारी दिए । त्यसमा अत्यावश्यक सेवाका लागि भने आउजाउ गर्न पाइनेछ ।

लखिमपुर (खिरी) जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार सिंहले नेपालमा हुन लागेको स्थानीय चुनावलाई निष्पक्ष र पारदर्शी बनाउन आफूहरू पूर्ण सहयोग गर्न तयार रहेको बताए ।

बैठकमा अवैध चोरी, तस्करी रोकथाम, अवाञ्छित र आपराधिक गतिविधि हुन नदिनका लागि दुवै पक्षको प्रहरी गस्ती गर्ने, दशगजा अतिक्रमण रोकथाम गर्ने, वन र वन्यजन्तुको चोरी शिकारी रोकथाम गर्ने, सीमाको आपसी समस्या समाधानमा सूचना आदान-प्रदान गर्ने लगायतका विषयमा सहमति भएको छ ।

बैठकमा नेपाली पक्षले सीमापारिबाट हुने गरेको लागुऔषधको कारोबार रोकथाममा कडाइ गर्नुपर्ने, गाई-भैँसी चरिचरनका लागि सीमापारि पुग्ने नेपालीलाई अनावश्यक दुःख दिने र जोरजबर्जस्ती गर्ने गरिएको, निर्माणाधीन हुलाकी राजमार्गको कञ्चनपुर खण्डमा भारतीय पक्षबाट बाधा अवरोध पुग्ने गरेको, मालसामान आयात गर्दा भारतीय भन्सार नाकामा मालसामानलाई समयमै भित्रिन नदिने गरिएको जस्ता विषय उठाएको थियो ।

भारतीय पक्षबाट सीमाका हराएका सीमास्तम्भको पुनःनिर्माण, दशगजा अतिक्रमण रोकथाम, कैलालीको भन्सारको बाटो हुँदै नेपाल भित्रिने भारतीय पर्यटकलाई दोहोरो भन्सार शुल्क लिने गरिएको जस्ता विषय उठाइएको थियो ।

बैठकमा कैलालीका प्रमुख जिल्ला अधिकारी थापा, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी रामप्रशाद पाण्डेयसहित दुवै जिल्लाका सशस्त्र प्रहरी, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धानका प्रमुख, भन्सार, वन, हुलाकी राजमार्ग आयोजनाका प्रमुखलगायत सहभागी थिए । भारतीय पक्षबाट लखिमपुर (खिरी) जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी (एडिएम) सिंहसहित सीमा सुरक्षा बल (एसएसबी), प्रहरी र विभिन्न निकायका अधिकारी सहभागी थिए ।

स्थानीय तहको निर्वाचनका लागी मोरङ जिल्लाका संवेदनशील मतदानस्थल तथा केन्द्रको जिल्ला सुरक्षा समितिले अनुगमन गरेको छ । पहाडी क्षेत्र तथा नेपाल-भारत सीमासँग जोडिएका पालिकाका संवेदनशील मतदानस्थलमा उक्त समितिले अनुगमन गरेको हो । जिल्लाका कतिपय मतदानस्थल भौगोलिक विकटता तथा सडकको पहुँचभन्दा टाढा रहेकाले त्यस्ता मतदानस्थल संवेदनशील देखिएको छ ।

मतदान केन्द्रको व्यवस्थापन तथा सहज मतदानका लागी गर्न सकिने उपायका विषयमा जनप्रतिनिधि तथा स्थानीय समुदायसँग सुरक्षा समितिले छलफल गरेको छ ।

अनुगमनका क्रममा केही मतदानस्थल सानो एवं साँघुरो रहेकाले त्यसलाई व्यवस्थित गर्न निर्देशन दिइएको छ । मिक्लाजुङ गाउँपालिकासहित केही पालिकाको विकट स्थानमा रहेका मतदानस्थलमा हेलिप्याडको व्यवस्था मिलाइने सुरक्षा समितिले जनाएको छ ।

# नेपालगञ्जमा माओवादीले एक्लै चुनाव लड्ने

■ प्रभाव संवाददाता

**नेपालगञ्ज–** नेकपा माओवादी केन्द्रले नेपालगञ्ज उपमहानगरपालिकामा एक्लै चुनाव लड्ने घोषणा गरेको छ ।

सत्तारुढ गठबन्धनको केन्द्रीय नेतृत्वले गरेको सहमतिमा चित्त नबुझेपछि नेपालगञ्जका माओवादी नेताहरूले पत्रकार सम्मेलन गरी नेपालगञ्ज तथा नेपालगञ्जको २३ वटै वडामा एक्लै चुनाव लड्ने घोषणा गरेका हुन् ।

नेपालगञ्जमा मेयर र उपमेयर पद आफ्नो पार्टीको भागबण्डामा नपरेपछि उनीहरू एक्लै चुनाव लड्ने पक्षमा पुगेका हुन् ।

सत्तारुढ गठबन्धनबिच नेपालगञ्जको मेयर जनता समाजवादी पार्टीलाई र उपमेयर नेपाली कांग्रेसलाई दिने सहमति भएको थियो ।

माओवादीका बाँके जिल्ला अध्यक्ष रतन शाहीले पत्रकार सम्मेलन गरी २०७४ सालको स्थानीय तहको निर्वाचनामा पाएको मतपरिणाम र गठबन्धन दलको हिसाबमा माओवादी केन्द्र दोस्रो स्थानमा रहे पनि नेपालगञ्जमा उपमेयरसमेत नपाएकाले एक्लै चुनाव लड्ने निर्णयमा पुगेको बताए ।

उनले स्थानीय तह चुनावमा नेपालगञ्जमा गठबन्धनको औचित्य नै नरहेकोसमेत बताए ।

## संक्षिप्त

### लागुऔषधसहित पक्राउ

**झापा(प्रस)–** मेचिनगर नगरपालिका-६ काँकरभिट्टास्थित मेची पुल छेउबाट करिब २८ ग्राम ५ सय मिलिग्राम अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित काठमाडौं बुढानिलकण्ठ नगरपालिका-२ माथ्लो भंगा टोल बस्ने ३९ वर्षीय मोहन बहादुर पाईजा मगरलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

बाँके, नेपालगंज उपमहानगरपालिका-१६ जयसपुरबाट करिब ३ ग्राम ५ सय मिलिग्राम अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित भारत बहराईच बस्ने ३० वर्षीय अर्जुन निशादलाई शनिबार प्रहरीले पक्राउ गरेको छ ।

जमुनाहबाट नेपालगंजतर्फ आउँदै गरेको भे.१ ह १७६ नम्बरको अटोलाई सिमा प्रहरी चौकी जयसपुर र लागुऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट खटिएको संयुक्त टोलीले जाँच गर्ने क्रममा अटोमा सवार निशादलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

सुनसरी, बराहक्षेत्र नगरपालिका-६ सिसौलीबाट करिब १ सय १९ केजी अवैध लागुऔषध गाँजा शनिबार प्रहरीले बरामद गरेको छ । उक्त ठाउँस्थित कोशी नदीमा गाडीको ट्यूवमा राखि लागुऔषध गाँजा ल्याउँदै गरेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीलाई देख्नासाथ ५ वटा बोरा फाली मानिसहरू फरार भएपछि बोरा तलासी गर्दा उक्त परिमाणको लागुऔषध फेला परेको हो । हाल फरार व्यक्तिहरूको प्रहरीले खोजी गरिरहेको छ ।

### तास खेलिरहेका ५ जना पक्राउ

**दाङ(प्रस)–** घोराही उपमहानगरपालिका-१५ बस्ने ५२ वर्षीय याम बहादुर डाँगीको घरमा तास खेलिरहेको अवस्थामा डाँगी समेत ५ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

डाँगीको घरमा जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख ४७ हजार ५ सय र ७ बुक तास सहित फेला पारी पक्राउ गरेको हो ।

# प्राकृतिक उपचारको आकर्षण बन्दै तातोपानी कुण्ड

■ ध्रुवसागर शर्मा

**गलेश्वर–** नेपालकै प्रसिद्ध पर्यटकीयस्थल राउन्ड अन्नपूर्णमा पद यात्रा गर्ने पर्यटक र विभिन्न अस्पतालहरूमा उपचार गराएर रोग निको नभएका दीर्घरोगीहरूका लागि आजभोलि म्याग्दी जिल्लाका तातोपानी कुण्डहरू मनोरञ्जन र प्राकृतिक उपचारका आकर्षक स्थल बन्दै गएका छन् ।

पश्चिम म्याग्दीको सिङ्गा तातोपानी, उत्तरी म्याग्दीको भुरुङ तातोपानी, दर्मिजाको तातोपानी कुण्डलगायत जिल्लाका १४ ठाउँमा रहेका तातोपानी कुण्डहरूमा बाह्य र आन्तरिक पर्यटकको भीड बढ्दै गएपछि कुण्डहरूलाई व्यवस्थित बनाइएको छ ।

मुख्य गरी उपचार केन्द्रको गन्तव्य बनेका यी तातोपानी कुण्डहरू पछिल्लो समय राउन्ड धौलागिरि र राउन्ड अन्नपूर्णको पदयात्रामा आउने विदेशी पर्यटकहरूका लागि गतिला मनोरञ्जन स्थल पनि बनेका स्थानीयवासीले बताएका छन् । धेरै दिनसम्म हिमाली क्षेत्रमा पद मार्गमा यात्रा गर्दा युरिक एसिड, बाथ, ढाड दुख्ने, घुँडा दुख्ने, स्किन एलर्जी, यात्रामा हुने घाउ खटिराको उपचार पर्यटकहरूले म्याग्दीमा पुगेपछि तातोपानीले गर्ने गरेका छन् ।

मूलबाट नै ५० डिग्री सेल्सियसभन्दा बढी तापक्रम भएको पानी निस्कने प्राकृतिक तातोपानीका कुण्डहरूमा डुबेपछि चिसोबाट हुने रोग, ग्यास्टिक, सडके मर्केको रोगीहरू निको भएर फर्किने गरेका कारण यहाँ यस्ता बिरामीहरू आउने गरेको तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीले बताए ।

त्यसैगरी उत्तरी म्याग्दीको भुरुङ तातोपानी स्वास्थ्य पर्यटन र मनोरञ्जनको हब बनेको छ । मनाङ जिल्लाको थोराङ क्रस गरेर मुक्तिनाथ, जोमसोम हुँदै म्याग्दीको भुरुङ तातोपानी आइपुग्ने बित्तिकै पर्यटकहरू तातोपानीको कुण्डमा नुहाउन थाल्दछन् । कतिपय पर्यटकहरू त थकाइ मेटाउन घण्टौँसम्म कुण्डमा डुबुल्की मारिरहन्छ । तातोपानी कुण्डमा डुबेर स्नान गरेमा बाथ, ग्यास्ट्रिक, गानोगोला, चर्मरोगदेखि लिएर प्यारालाइसिस जस्ता रोग निको हुने जनविश्वासका कारणले पनि पर्यटकहरू तातोपानीमा नुहाउँछन् ।

भुरुङ तातोपानी पर्यटकीयस्थलका रूपमा विकास भएको छ । भुरुङ तातोपानीबाट केही पर्यटक शिख घारको उल्लेरीको उकालो चढ्दै म्याग्दीको घोडेपानीमा रहेको पुनहिलतर्फ जान्छन् भने केही कालीगण्डकीको किनार किनारै म्याग्दीको सदरमुकाम बेनी निस्केर ढोरपाटन जाने पनि गर्दछन् ।

अन्नपुर्ण पदयात्रामार्गअन्तर्गत पर्ने म्याग्दीको घोडेपानीमा पर्यटकहरूको लागि आकर्षणको केन्द्र विन्दु मानिन्छ । समुन्द्री सतहदेखि तीन हजार २१० मिटरको उचाइमा अवस्थित पुनहिलबाट मनोरम प्राकृतिक छटाको दृश्यावलोकन गर्न सकिन्छ । भुरुङ तातोपानीको आसपासमा मात्रै पाँचवटा तातोपानीका मुहान छन् । स्थानीय मानिसहरूले आफूलाई पायक पर्ने मुहानमा नुहाउने गर्दछन् । तप्तकुण्डमा स्नान गर्नाले रोगबाट मुक्ति पाइन्छ भन्ने विश्वास छ ।

भुरुङ तातोपानी कुण्डलाई वरिपरि पर्खाल लगाएर व्यवस्थित बनाइएको छ । मुक्तिनाथ जाने बाटोमा पर्ने भएकाले भुरुङ-तातोपानी तप्तकुण्डमा तीर्थाटन पर्यटकहरूले समेत नुहाउने गर्दछन् । मुस्ताङ र मुक्तिनाथ क्षेत्रको भ्रमणमा भारतका तीर्थयात्री र तेस्रो मुलुकका पर्यटकहरू पुग्ने गर्दछन् ।

तातोपानी कुण्डमा तीन वर्षसम्म वर्षको दुईपटक १०/१२ दिनसम्म डुबेपछि लामो समयसम्म निको नभएका रोग पनि यहाँ डुबेपछि निको भएको बिरामीले बताएका छन् । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** ANAKED AL WADI RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/०१/०९ | LT. No. 261957 | चलानी नं. ६०१७८२५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shawarma Roaster | 1 | 0 | 1500 | ४८,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः बैशाख १८ गते (1st May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रू.१,५०० कामदार आफैँले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :**१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जा□दा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**

श्रम ईजाजत नं. ३११/०५९/०६० | वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३



तीनपाटन गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

लाम्पनटार, सिन्धुली

बाग्मती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः- 2078/1/11

यस कार्यालयको मिति 2078/11/20 गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विद्युतिय बोलपत्रहरु मूल्यांकन हुँदा निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकित र सारभुत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्र स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, 2063 को दफा 27 को उपदफा 2 र दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम(मु.अ.क. सहित) |
|---|---|---|---|
| १ | TRM/W/NCB/ 01/2078/079 | Arrownet Pvt.Ltd., Tripureshwor | 89,09,695.05/- |

राम कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत

# प्रभाव दैनिक

आइतबार, ११ वैशाख २०७९ (Sunday, April 24, 2022)


रूपशाला

**रशिलाले गरिन् आर्थिक सहयोग**

ब्याडमिन्टनकी राष्ट्रिय च्याम्पियन रशिला महर्जनले आर्थिक सहयोग गरेकी छन् । महर्जनले अर्का ब्याडमिन्टन जुनियर खेलाडी विवेक चौधरीको उपचारका लागि आर्थिक सहयोग गरेकी हुन् । उनले बुटवलमा जारी दोस्रो राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता २०७९ मा उपाधि हात पारेबापत प्राप्त रकमको आधा रकम चौधरीको उपचारका लागि प्रदान गर्ने निर्णय गरेको रशिलाका पिता राजेश महर्जनले जानकारी गराए ।



# बिबिए कप क्रिकेटको तयारी पूरा




■ प्रभाव संवाददाता

**काठमाडौं–** पिवाइसी बिबिए कप क्रिकेट प्रतियोगिताको तयारी पूरा भएको छ । पब्लिक युथ क्याम्पसको आयोजनामा हुने टी-ट्वान्टी क्रिकेट प्रतियोगिताको तयारी पूरा भएको हो ।

आयोजकले शनिबार पत्रकार सम्मेलन गरी १३ वैशाखदेखि सुरु हुने प्रतियोगिताको तयारी पूरा भएको जानकारी दिएको हो । नकआउटका आधारमा सञ्चालन हुने प्रतियोगितामा कूल १८ टोलीले प्रतिस्पर्धा गर्ने जनाइएको छ । प्रतियोगिताका खेलहरू मूलपानीमा रहेको क्रिकेट मैदानमा सञ्चालन हुने छन् ।

सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी नकआउटको आधारमा प्रतियोगिता गरिने बताइएको छ । जसमध्ये उपत्यकाबाहिरका टोलीमध्ये ड्र-मार्फत दुई टोली वीरेन्द्र बहुमुखी क्याम्पस चितवन र महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जले बाई पाएर सोझै प्रि-क्वार्टरफाइनल प्रवेश पाएका छन् । प्रतियोगिताको डिफेन्डिङ च्याम्पियनले आगामी संस्करण आयोजना गर्नुपर्ने प्रावधानअनुरूप पब्लिक युथले यो संस्करण आयोजना गर्न पाएको हो ।

कलेजस्तरको क्रिकेट प्रवर्द्धन तथा खेल भावना विकास गर्ने उद्देश्यसहित प्रतियोगिताको आयोजना गर्न लागेको प्रतियोगिताको प्रबन्ध निर्देशक सुनिल थापाले जानकारी गराए । पब्लिक युथ क्याम्पसका प्रमुख बलराम थापाले यसअघिका संस्करणहरू जस्तै यसपटक पनि त्रिभुवन विश्वविद्यालयले प्रतियोगितालाई साथ दिने विश्वास व्यक्त गर्दै कलेजहरूलाई प्रतिष्ठित प्रतियोगितामा भाग लिन आग्रह गरेका छन् ।

प्रतियोगिताको विजेताले ८५ हजार रूपैयाँ तथा उपविजेताले ३५ हजार रूपैयाँ प्राप्त गर्ने छन् । यस्तै विभिन्न विधामा उत्कृष्ट बन्ने खेलाडीहरू तथा प्रत्येक खेलको प्लेयर अफ द म्याच'लाई विशेष पुरस्कारको व्यवस्था गरिएको छ ।

# गुजरात शीर्ष स्थानमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** गुजरात टाइटन्स आइपिएल क्रिकेटको शीर्ष स्थानमा उक्लिएको छ । शनिबार भएको लेखमा कोलकता नाइटराइडर्सलाई आठ रनले पराजित गर्दै गुजरात शीर्षस्थानमा पुगेको हो ।

गुजरातले दिएको १५७ रनको लक्ष्य पछ्याएको कोलकताले निर्धारित ओभरमा आठ विकेट गुमाएर १४८ रन बनाउन सक्यो । उसका लागि आन्द्रे रसलले सर्वाधिक ४८ रन बनाए । रिङ्कु सिंहले ३५ रनको योगदान दिए । वेंकटेस अयरले १७ रन बनाए भने कप्तान श्रयस अयरले १२ रनको पारी खेले ।


कोलकतालाई सस्तैमा समेट्ने क्रममा गुजरातका मोहमद सामी, यश दयाल, रसिद खानले समान दुई-दुई विकेट लिए । लुंगी फर्गुसन र अलजारी जोसेफले एक-एक विकेट हात पारे ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको गुजरातले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १५६ रन बनाएको थियो । उसका लागि कप्तान हार्दिक पाण्ड्याले



सर्वाधिक ६७ रनको योगदान दिए । त्यस्तै डेभिड मिलरले २७ रन बनाए भने ओपनर ऋद्धिमान साहले २५ रनको योगदान दिए । कोलकताका लागि आन्द्र रसेलले सर्वाधिक चार विकेट लिए ।

# उत्कृष्ट लयमा बटलर



■ प्रभाव संवाददाता

**काठमाडौं–** इंग्ल्याण्ड तथा राजस्थान रोयल्सका ओपनर जोस बटलर उत्कृष्ट लयमा देखिएका छन् । उनले यसको प्रमाण जारी इन्डियन प्रिमियर लिग (आइपिएल) मा देखाइरहेका छन् । उनले जारी आइपिएलको सात खेलमा तीन शतक प्रहार गर्दै आफू लयमा रहेको प्रमाणीत गरेका छन् ।

जारी आइपिएलका सर्वाधिक रन बनाउने खेलाडीको शीर्षस्थानमा रहेका बटलरले सात खेलमा तीन शतक र दुई अर्धसतक पूरा गरिसकेका छन् । उनले जारी सिजनको आइपिएलमा लखनौ र सनराइजर हैदराबादविरुद्ध मात्रै अर्धशतक/शतकको आकडा पार गर्न सकेनन् । अन्य पाँच खेलमा उनले कम्तीमा पनि अर्धशतक प्रहार गरेका छन् । उनले जारी आइपिएलमा सर्वाधिक ४९१ रन बनाइसकेका छन् । सर्वाधिक रन बनाउने खेलाडीले प्राप्त गर्ने ओरेन्ज क्यापसमेत उनीसँगै रहेको छ ।

'यो एक विशेष प्रदर्शन थियो । मज्जा आयो । मलाई यो स्टेडियम मनपर्छ । यो एक सानदार वातावरण थियो,' बटलरले शुक्रबारको खेलपछि भने ।

उनीभन्दा पछि दोस्रो स्थानमा रहेका खेलाडीको रन उनको अन्तर निकै धेरै रहेको छ । दोस्रो स्थानमा रहेको हार्दिक पाण्ड्याको २९५ रन रहेको छ । बटलरले जारी सिजनको आइपिएलमा व्यक्तिगतरूपमासमेत सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा शीर्षता कायम गरेका छन् । उनले शुक्रबार भएको डिल्ली क्यापिटलविरुद्धको खेलमा ११६ रनको पाली खेले ।

शुक्रबार राति भएको खेलमा दिल्ली क्यापिटल्सलाई १५ रनले पराजित गर्दै राजस्थानले अंक तालिकामा १० अंक बनाएको छ । उसको सात खेलमा १० अंक रहेको छ । मुम्बईमा राजस्थानले दिएको २२३ रनको लक्ष्य पछ्याएको दिल्लीले आठ विकेट गुमाएर २०७ रन मात्रै बनायो । उसका लागि ऋषव पन्तले सर्वाधिक ४४ रन बनाए पनि टोलीको हार टार्न सकेनन् ।

बलिङतर्फ राजस्थानका प्रसिद्ध कृष्णले तीन विकेट लिए । यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको राजस्थानले बटलरको शतक मद्दतमा २२२ रन बनाएको थियो ।


हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

Chinari Overseas Pvt. Ltd.

P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com
Website :chinarioverseas.com
License No: 1165/073/074



हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

Aashirbad आशिर्वाद
Overseas Pvt. Ltd. ओभर्सिज
बसुन्धारा, काठमाडौं, नेपाल
फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
इमेल : hraashirbad@gmail.com
Website : www.aashirbadoverseas.com
Govt. License 1211/073/074



हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

AGNI OVERSEAS PVT. LTD.
Samakhushi, KTM, Nepal
Ph. : +977-4350389,9841588047



हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

Chairman
Raju Lama

ALL SOLUTION
EMPLOYMENT SERVICE (P). LTD.
Basundhara, Kathmandu,Nepa
Tel : 977-1-5903078
Email : info@allsolution.com.np
License No.: 1454/074/075

रगत, आँसु र भेदभाव :

# जापानका ऐनु जनताको विगत र वर्तमान

■ **दिलीप अधिकारी**

**टोकियो–** जापानको होक्काइडोमा रहेको ओशिमा हन्टो प्रायःद्वीपका सबैभन्दा दक्षिणी छेउमा एउटा मात्सुमा किल्ला रहेको छ । मात्सुमा सामन्तको रूपमा काम गर्थे जसले इडो अवधि ( १६०३-१८६७० मा यो क्षेत्रमा शासन गरेका थिए ।

किल्लानजिकै तीन प्रमुख कालो ढुंगाले बनेको ' कानको चिहान छ । चिहानको छेउमा एउटा चिह्नले यसको उत्पत्ति बताउँछ- ऐनु मानिस, होक्काइडोमा बसोबास गर्ने आदिवासी जनजातिले मात्सुमा सामन्तको क्रूर शासनविरुद्ध लडे तर १६६९ मा असफल भए ।

ऐनु नेताको कान मात्सुमा सामन्तद्वारा काटिएको थियो र तीन कानलाई चिहानमा गाडिएको थियो । ‘कानको चिहान’ले प्राचीन समयमा गैरऐनु जापानीको दमनविरुद्ध होक्काइडोमा ऐनु मानिसको संघर्षलाई प्रकाश पार्छ ।

**बस्ने ठाउँमा दमन**

ऐनु मानिस आफ्नो छुट्टै भाषा र संस्कृतिका साथ उत्तरी जापानी द्वीपसमूहमा बसोबास गरेको विश्वास गरिन्छ । तर गैरऐनु जापानी उत्तरतिर सर्दै जाँदा ऐनु क्षेत्र बढ्दोरूपमा संकुचित भयो ।

इडो अवधिसम्म गैरऐनु जापानी होक्काइडोको दक्षिणी भागमा अघि बढेका थिए । यद्यपि, ऐनु मानिसको अझै पनि यस क्षेत्रमा बस्ने ठाउँ थियो । सन् १८६० को दशकको अन्तमा मेजी पुनःस्थापना भएपछि जापानी सरकारले होक्काइडोको विकास गर्‍यो । त्यो प्रक्रियामा ऐनु जनताले अभूतपूर्व उत्पीडन सहनुपरेको थियो ।

धेरै विज्ञले आधुनिक होक्काइडो विकासको इतिहास ऐनुको रगत र आँसुको इतिहास भएको बताए । ऐनु प्रतिरोधका जापानी इतिहासकार ग्यो शिन्याले मेइजी सरकारको नीतिमा दुई भाग रहेको बताए । एउटाले ऐनु जनताको जग्गा खोसेर होक्काइडोलाई टेरा न्युलियस घोषणा गर्दै सरकारलाई सबै जग्गा राष्ट्रियकरण गर्ने र गैरऐनु जापानीलाई सस्तो मूल्यमा बेच्ने अनुमति दिएको थियो ।

दोस्रो, ऐनु परम्परागत चलन निषेधित थिए । ऐनुलाई तिनीहरूको परम्परागत शैलीमा शिकार गर्न अनुमति दिइएन र तिनीहरूका छोराछोरीलाई ‘शाही शिक्षा दिइयो ।

ऐनु नीतिमा नागरिक परिषद्का सदस्य मासाहिरो कोइजुमीले ऐनु भाषामात्रै वञ्चित हुनु मानवअधिकार उल्लंघन भएको बताए । ऐनुलाई शिकार र माछा मार्न प्रतिबन्ध लगाइयो र जीविकोपार्जन गर्ने अधिकारलाई अस्वीकार गरियो ।

**झुकाव संरक्षण नीति**

सन् १८९९ मा मेइजी सरकारले ऐनुका लागि तथाकथित संरक्षण कानुन लागू गर्‍यो । तर जापानका धेरै विज्ञ र विद्वानले ऐनुलाई संरक्षण गर्ने दाबी गर्ने थुप्रै उपाय ऐनुलाई जमिनबाट वञ्चित गर्न, ऐनु चलनमा प्रतिबन्ध लगाउने र ऐनु भाषा, संस्कृति र तिनीहरूको भाषाको नामसमेत हटाउन प्रयोग गरिएको बताए ।

मेइजी अवधिपछि त्यसपछिका जापानी सरकारले ऐनु विरोधी नीति कायम राख्न र लागू गर्न जारी राखे । कुख्यात संरक्षण कानुन सन् १९९७ सम्म समाप्त भएको थिएन ।

सन् २००८ जुनमा जापानले पहिलोपटक होक्काइडोको आदिवासी जनजातिको रूपमा ऐनुलाई आधिकारिकरूपमा मान्यता दियो । विशेषगरी सन् २००७ सेप्टेम्बरमा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघको घोषणा र आदिवासीलाई संरक्षण गर्ने अन्तर ाष्ट्रिय आन्दोलनपछि जापानले मान्यता दिएको हो ।

सन् २०२० जुलाईमा दक्षिणी होक्काइडोमा ‘राष्ट्रिय सिम्बायोसिस’को विषयवस्तुअन्तर्गत उपापोय राष्ट्रिय ऐनु संग्रहालय र पार्क खोलियो । जापानी सरकारले यसलाई ऐनु परम्परा र संस्कृति जोगाउने माध्यमका रूपमा व्याख्या गरेको छ ।

यद्यपि, भर्खरैको भ्रमणमा सिन्ह्वाका पत्रकारले मेइजी युगमा ऐनु मानिसको रगत र आँसुको इतिहासको थोरै उल्लेख पाए । ‘यो केवल एक पर्यटकीय सुविधा हो,’ आइनु एल्डर युजी शिमिजुले एक सेमिनारमा भने, ‘संग्रहालयले ऐनु जनतालाई कुनै माफी नमाग्ने गरी जापानी परिप्रेक्ष्यमा आइनुको इतिहास बताउँछ ।’

त्यसो भए तपाईं कसरी सिम्बायोसिसको बारेमा कुरा गर्न सक्नुहुन्छ ?

गत वर्ष ऐनु नीतिमा नागरिक परिषद्ले होक्काइडो र अन्य ठाउँमा ऐनु जनताको सर्वेक्षण गरेको थियो । धेरैजसो ऐनुले जापानी सरकारको सहायता नीतिलाई अस्वीकार गरेको, सरकारले मेइजी युगको अँध्यारो पक्षलाई कम गरेको र आदिवासी अधिकारका सबैभन्दा महत्त्वपूर्ण मुद्दालाई बेवास्ता गरेको नतिजाले देखाएको थियो । एक जना उत्तरदाताले सुविधाले मुख्यतया ऐनु संस्कृतिलाई देखाएको तर ऐनुका मानिसलाई मेजी सरकारअन्तर्गत बाँच्न पाउने अधिकारबाट वञ्चित गरिएको तथ्यलाई बेवास्ता गरेको बताएका थिए ।

**जातीय भेदभाव विद्यमान**

‘ऐनु’ जापानी भाषामा ‘ आह, कुकुर’ जस्तै लाग्छ । सन् २०२१ मार्चमा ऐनुले जापानी टिभी कार्यक्रममा एक प्रतियोगीको विरुद्धमा विरोध गरे जसलाई शब्दको अपमानजनक प्रयोगका लागि बोलाइएको थियो ।

जापानमा यस्तो घटना अनौठो छ । शिमिजुले आफूलाई विद्यालयमा दुर्व्यवहार गरिएको र अन्य विद्यार्थीले गुफामा बस्ने व्यक्ति भनेर बोलाएको बताए । जापानी सरकारको सर्वेक्षणले पनि ऐनुविरुद्धको भेदभाव जापानी समाजमा निरन्तर समस्या भएको देखाएको छ ।

सन् २०१६ मा मन्त्रिपरिषद् सचिवालयले गरेको राष्ट्रिय सर्वेक्षणअनुसार ७२.१ प्रतिशत ऐनु उत्तरदाताले विभिन्न सामाजिक परिस्थितिमा भेदभाव र असमान व्यवहारको सामना गरेको बताए । जापानी लेखक सुनेहिरा फुरुयाले ऐनुविरुद्धको भेदभावको आधारभूत कारण भनेको सामान्य जापानीले आफूले अन्य जातीय समूहलाई आक्रमण गरेको वा सताएको विश्वास गर्दैन भन्ने बताए ।

> **ऐनु नेताको कान मात्सुमा सामन्तद्वारा काटिएको थियो र तीन कानलाई चिहानमा गाडिएको थियो । ‘कानको चिहान’ले प्राचीन समयमा गैरऐनु जापानीको दमनविरुद्ध होक्काइडोमा ऐनु मानिसको संघर्षलाई प्रकाश पार्छ ।**

जापानी विद्यालयले आज विद्यार्थीहरूलाई ऐनु संस्कृतिको बारेमा सिकाउने भएता पनि उनीहरूले उत्पीडन र भूमि अभावको कथा सुनाउन सकेका छैनन् । तसर्थ, इतिहासको यो कालो पक्षबारे सामान्य जापानीलाई थोरै थाहा भएको उनले बताए ।

उनका अनुसार हालैका वर्षमा जापानका ऐतिहासिक संशोधनवादी र रूढिवादीले गलत ऐतिहासिक तथ्यंकको कडा वकालत गर्दै आएका छन् । जस्तै ‘जापानी सज्जन थिए र इतिहासमा न्यायको मूर्तरूप’ तथा ‘जापानले अरू राष्ट्रमाथि कहिल्यै आक्रमण गरेन वा भेदभाव गरेन’ भन्ने दाबी गर्ने । उनले भने, ‘देशमा विभेद छ ।’ रासस/सिन्ह्वा


## मोटर साइकल हरायो

हुलास इन्भेष्टमेन्ट प्रा.लि.(टेकुको)नाममा रहेको निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७८।१२।१३ गते बेलुका अं. ६:३० बजेको समयमा का.जि.गोकर्णेश्वर न.पा. वडा.नं.८ माकलबारी स्थित सडक किनारामा पार्किङ्ग गरि राखिएको अवस्थामा हराएको हुँदा, पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

प्रकार – Bajaj 220 CC Pulsar
बाई नं. बाग्मती प्रदेश-०२-०२५प १००१
चेसिस नं. :MD2A3EX7MCK81527
इन्जिन नं. DKXCMK56779
रङ्ग – निलो, कालो
सम्पर्क – +9779860169307

## श्री डुकुरसिंह सामुदायीक वन उपभोक्ता समुह त्रियुगा नगरपालिका १६ उदयपुरकोसमुह बाहिर काठ विक्रि संबन्धि सूचना

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७८/०७९ को विधिवत रूपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको साल थान १६ को ए ग्रेड २१९.३० क्युफिट, साल थान २९ वि ग्रेड २७०.०५ क्युफिट, साल थान १७ को सि ग्रेड १००.६७ क्युफिट गरी हुन आउने जम्मा साल थान ६२ को ५९०.०२ क्युफिट काठ समुह बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WAHAH KHATTAB RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति २०७८/१२/२८ | LT. No. 261963 | चलानी नं. ६०१७८३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 20 | 0 | 1000 | ३२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख १८ गते (1st May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९
**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-RUWAD ENVIRONMENTAL SERVICES CENTER
पूर्व स्वीकृति मिति २०७९/०१/१० | LT. No. 262043 | चलानी नं. ६०१७८३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 50 | 50 | 85 | ३४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १८ गते (1st May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75
**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH SALEH AL YAMI INDUSTRIAL FACTORY
पूर्व स्वीकृति मिति २०७९/०१/०९ | LT. No. 261906 | चलानी नं. ६०१७८३२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 3 | 0 | 1000 | ३२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख १८ गते (1st May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : sunshinemanpower2016@gmail.com




नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**सडक डिभिजन, नेपालगञ्ज**

## आर्थिक प्रस्ताव खोल्ने सुचना

प्रकाशित मिति: २०७९/०१/११

यस कार्यालयको मिति २०७८/०९/३० गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सुचना नं TNN08/078/79 र मिति २०७८/१०/०३ गते कारोवार दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सुचना नं TNN09/078/79 अनुसार तपशिल बमोजिमका ठेक्काहरुमा पेश भएका बोलपत्रदाताहरुका प्राविधिक प्रस्तावहरु खोली परिक्षण गर्दा सफल भएका देहाय बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब तपसिलको स्थान, मिति र समयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावलिको नियम ३१ (ङ) ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | प्राबिधिक प्रस्ताबमा सफल भएका बोलपत्रदाताहरुको नाम र ठेगाना | |
|---|---|---|
| RDNGJ/33701176/078/79-35 | 1. M/S Khadka Nirman Sewa, Baijanath-1, Banke<br>2. M/S Royal Construction, Dhangadhi, Kailali<br>3. M/S Worldwide-Sushan JV, Kathmandu, Nepal<br>4. M/S Sapana-Sisne JV, Nepalgunj-2, Banke | 5. M/S Shyam and Shankar Construction Pvt. Ltd<br>6. M/S Dev & Sayar-Malla JV, Bagbazar, Kathmandu<br>7. M/S PR-Drama-Pradesh JV, Lalitpur, Nepal |
| RDNGJ/33701176/078/79-36 | 1. M/S Shiva Shakti Infra Developers Pvt. Ltd, Hetauda-04,Makwanpur<br>2. M/S Khadka Nirman Sewa, Baijanath-1, Banke<br>3. M/S Galwa Nirman Sewa Pvt. Ltd, Kathmandu | 4. M/S Mahadev Khimti/Yadav JV JV, Gulariya,Bardiya<br>5. M/S KS/Basuling Anil/Tej JV JV, Mahakali Municipality, Kanchanpur |
| RDNGJ/33701176/078/79-37 | 1. M/S Shiva Shakti Infra Developers Pvt. Ltd, Hetauda-4, Makwanpur<br>2. M/S Bhimeshwor-Khadka JV, Baijanath-1, Banke<br>3. M/S Dev & Sayar-Mitra-Tej JV, Mahendranagar, Kanchanpur<br>4. M/S Mahadev Khimti/Yadav JV, Putalisadak, Kathmandu<br>5. M/S Mahalaxmi/Om Satya Sai JV, Bharatpur, Chitwan | 6. M/S Swachchhanda Nirman Sewa Pvt.Ltd, Syuchatar, Kathmandu<br>7. M/S PR/Saptapath/Pradesh JV, Lalitpur,Nepal<br>8. M/S Sapana-Sisne JV, Nepalgunj-2, Banke<br>9. M/S Worldwide-Sushan-Simran JV, Kathmandu, Nepal<br>10. M/S Amar-Bardiya Black Buck JV, Gulariya, Bardiya |

आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थानः २०७९/०१/१८ गते दिनको ११:०० बजे, सडक डिभिजन, नेपालगञ्ज

डिभिजन प्रमुख


## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखटटे, नया'बजार फोन **नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-निामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ ।** लोटस **कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ ।** ध्रुवको पसल **- डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 ।** दन्तकाली स्टेशनरी **- नया'** बसपार्क **फोन नं. ९८१३९६०७४६ ।** सारीका स्टेशनरी पसल **- फोन नं. ९८५११२९६८६ ।** ज्ञानज्योती पुस्तक पसल **- बागबजार, फोन नं. ४२४००६० ।** विश्व स्वतन्त्र संचार **-ुन्धारा, फोन नं. ४२१९४१२ ।** निशा बुक्स एण्ड स्टेशनरी **- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ ।** वीडलिंक मिडिया प्रा.लि. **- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ ।** हिमचुली **स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ ।** मलः स्टेशनरी **– गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी -विश्वज्योति हल ाईडमा),** बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर **- कलंकी चोक फोनः ०१-४२७६५३०,** फ्याक्‍: **०१-४२७१३२२ ।** दाजुभाई स्टेशनरी **- पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९,** ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन** जमल, काठमाडौं' सम्पर्क : ०१-४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १००९०० | प्रति तोला – १००४०० | प्रति तोला – १३८० |

## 'मन्त्रालय र राष्ट्र बैंकबीचको झगडाका कारण समस्या'

■ प्रभाव संवाददाता

**काठमाडौं** – अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकबीच भै रहेको झगडाका कारण मुलुकको अर्थत(न्त्र संकटग्रस्त अवस्थामा पुगेको अर्थविद्हरूले बताएका छन् । अर्थवीद्हरूले सरकार र सम्बधित पक्षलाई गम्भीर बन्न आग्रह गरेका छन् । नेपाल बुद्धिजीवी परिषद्ले समयमा समाधानको पहल नगरे नेपालको अथतन्त्र श्रीलंकको अवस्थामा पुग्ने चेतवानीसमेत दिएका छन् ।

पूर्वमन्त्री प्रदीप ज्ञवालीले अर्थतन्त्रका अधिकांश सूचक रातोमा गएकाले मुलुक गम्भीर संकटमा धकेलिएको बताए । ज्ञवालीले सरकारलाई फजुल खर्च रोक्न, विलासिताका वस्तु आयातमा नियन्त्रण गर्न, पुँजीगत खर्च बढाउन, नीतिगतरूपमा भएका सेटिङ रोक्न र राष्ट्र बैंकमाथिको हस(तक्षेप रोक्न आग्रह गरे । पूर्वगभर्नर एवं राष्ट्रिय योजना आयोगका पू(र्वउपाध्यक्ष डा. दीपेन्द्रबहादुर क्षेत्रीले बेरुजुको मात्रा बढेको, सुशासन कायम हुन नसकेको, पुँजीगत खर्च नबढेको उल्लेख गर्दै अर्थमन्त्रालय र राष्ट्रबैंकबीच समन्वय हुनुपर्ने बताए । कृषि क्षेत्रमा उत्पादकत्व बढाउनका लागि अनुदान किसानको हातमा पुग्नुपर्नेसमेत उनको सुझाव थियो ।

पूर्वअर्थसचिव रामेश्वर खनालले अर्थमन्त्रालय र राष्ट्रबैंकबीच समन्वय नहुँदा पछिल्लो समय समस्या आएको बताए । वैदेशिक कर्जाले सुरु गरिएका आयोजनालाई समयमा नै सम्पन्न गर्नुपर्ने बताउँदै खनालले उत्पादनशील क्षमता बढाउन र चालु खर्चमा सन्तुलन ल्याउनुपर्नेमा जोड दिए । राष्ट्र बैंकका पूर्वगभर्नर डा तिलक रावलले विलासिताका सामान आयातलाई रोकेर निर्यात बढाउनुपर्ने बताए ।

परिषद्का अध्यक्ष एवं योजना आयोगका पूर्वउपाध्यक्ष डा दिनेशचन्द्र देवकोटाले समाजवादी अर्थतन्त्र निर्माणका लागि पार्टीभन्दा माथि उठेर बौद्धिक हस्तक्षेप गर्नुपर्ने बताए ।

## सूचना प्रणालीमा आवद्ध नहुनेलाई कर चुक्ता नदिइने

**काठमाडौं (प्रस)** – सहकारी विभागका रजिस्ट्रार रुद्रप्रसाद पण्डितले सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध नहुने सहकारीले कर चुक्ताको प्रमाणपत्र नपाउने बताएका छन् । आन्तरिक राजश्व विभागसँग समन्वय गरेर कोपोमिसमा आबद्ध नहुने सहकारी संस्थालाई कर चुक्ताको प्रमाणपत्र नदिने प्रक्रिया अगाडि बढाइने बताए ।

नेपाल सहकारी पत्रकार समाज (सिजेएन) र सहकारी विभागको संयुक्त आयोजनामा भएको कोपोमिस अभिलेखिकरण अभिवृद्धि विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै रजिस्ट्रार रुद्रप्रसाद पण्डितले आन्तरिक राजश्व कार्यालयमा जाँदा कर्मचारीले कोपोमिसमा आबद्ध भए नभएको बारेमा जानकारी लिने र कोपोमिसमा आबद्ध भएपछि मात्रै चुक्ताको प्रमाणपत्र दिने गरी काम थालिने समेत उनले बताए । सरकारी अनुदान लिनका लागि पनि कोपोमिस अनिवार्य गरिने भएको छ ।

अनुदान प्राप्त गर्ने जुनसुकै संस्थाले कोपोमिसमा आबद्ध हुनुपर्ने र कोपोमिसमा आबद्ध नहुने संस्थालाई उक्त सुविधा नदिइने समेत उनले प्रष्ट पारे । कोपोमिसमा आबद्ध हुन कहाँ कहाँ समस्या छन् त्यसको सहजिकरण गर्न आफुहरू तयार रहेको समेत उनले बताए । राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय संघ, सहकारी बैंक र विषयगत संघहरूले नै कोपोमिसमा आबद्ध हुन किन आलटाल गरेको भन्दै उनले प्रश्न गरे । उनले भने,'संघहरू आबद्ध भइदिए प्रारम्भिक संस्थाहरूलाई समेत प्रेरणा हुने थियो ।' आगामी पौष मसान्तभित्र कोपोमिस पूर्ण रूपमा कार्यान्वयनमा ल्याइसक्नुपर्ने भएकाले अब कसैलाई पनि 'इस(क्युज' नहुने पण्डितको भनाई छ । अहिले तथ्यांकको अभावले सहकारी क्षेत्रको नीति तथा कार्यक्रम प्रभावकारी बनाउन समस्या रहेकाले कोपोमिसमा सबै सहकारी आबद्ध भए यसबाट सबै तथ्यांक प्राप्त गरी नीति तथा कार्यक्रम बनाउन समेत सहज हुने उनले उल्लेख गरे ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेतीले बैंकमा आबद्ध १५ हजार सहकारी संस्थाहरू कोपोमिसमा आबद्ध भए नभएको अध्ययन गर्ने बताएका छन् । उनले बैंकमा ८ हजार बचत तथा ऋण सहकारी र ७ हजार अन्य प्रकृतिका संस्था आबद्ध रहेको बताउँदै ती मध्ये कति संस्था कोपोमिस आबद्ध छन् वा छैनन् फारम बनाएर जानकारी संकलन गरी विभागलाई उपलब्ध गराउने समेत बताए । सहकारी बैंकका ६८ वटा शाखामार्फत देशभर नै कोपोमिसका विषयमा आबद्ध सहकारी संस्थाहरूलाई प्रशिक्षण दिने समेत उनले प्रतिवद्धता जाहेर गरे ।

बैंकका सबै शाखा प्रमुखहरूको समय समयमा हुने भेलामा उनीहरूलाई कोपोमिसको बारेमा प्रशिक्षित गराई कार्यान्वयनमा लैजान सघाउने अध्यक्ष उप्रेतीले बताए । उनले भने,'प्राविधिक विषयमा विभागले तालिम दिनुपर्‍यो, हामी कार्यान्वयनमा सघाउँछौं ।' बैंकले हरेक महिना १५/१६ वटा तालिम सञ्चालन गर्दै आएको भन्दै उनले हरेक तालिममा कोपोमिसको विषय समेत राख्ने बताए ।

उनले भने,'सहकारी विभागसँग हरेक विषयमा सहकार्य गर्न तयार छौं । विभागले अगाडि बढाएका काममा बैंकको नेटवर्कलाई समेत प्रयोग गरेर अगाडि बढौं ।' विभाग मातहत रहेका सहकारीले कोपोमिस प्रयोगका बारेमा समेत समीक्षा गर्नुपर्ने भन्दै उनले प्रयोगमा के कस्ता समस्या आए र कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा समेत फिडब्याक लिनुपर्नेमा जोड दिए ।

सातै प्रदेश र स्थानीय तहका सहकारी हेर्ने प्रतिनिधिलाई सहभागि गराएर कोपोमिस सम्बन(धी कार्यक्रम आयोजना गर्न सके यसले कार्यान्वयनमा मद्दत पुग्ने उनको सुझाव छ । सहकारीको वास्तविक तथ्यांक निकाल्नका लागि पनि कोपोमिस कार्यान्वयन आवश्यक रहेको उनको भनाई छ ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) का अध्यक्ष परितोष पौडेलले राज्यका तीनवटै तहको भूमिका के हुने भन्ने निष्कर्षमा नपुग्दासम्म कोपोमिस कार्यान्वयन गर्न कठिन रहेको बताए ।

हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

Paradesi Overseas Services Pvt. Ltd.
Govt. License 387/059/060
Gaushala Battisputali, Oppt to Hotel Dwarika, Kathmandu
Tel: +977 1 4462293, 014485012
Fax: +977 1 4480765
Email: paradeshi_os@yahoo.com, paradeshiservices@gmail.com

हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.
License No. 632/063/64
samakhusi Chowk-3, Jaldhara Marga Kathmandu,
Tel no. 015901301, 015906301,15906301
Email : niopl2017@gmail.com,info@niopl.com,
URL:www.nipl.com

हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

Elite Gurkhas Overseas Pvt. Ltd.
License No: 535/061/062
Tokha -5, Basundhara, Kathmandu,
Tel.: +977-1-4016621,4016638
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np,
Web:www.elitegurkhas.com.np

हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

Gurung Management Overseas Pvt. Ltd.
Govt. License 404/060/061
P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659
E-mail: gurungoverseas@gmail.com
Website : www.gurungoverseas.com.np

हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

Link Star Manpower Services Pvt. Ltd.
Govt. License 1025/068/69
P.O. Box: 11972, Samakhusi Tokha–10 Kathmandu, Nepal
Tel: +977-1-4357047, 4361490, 4354084, 9816935532,
Fax: +977-1-4363942
E-mail: linkstarmanpower@gmail.com,
Web: www.linkstar.com.np

हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको आठौं वर्ष सफलतापूर्वक पार गरी नौं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा प्रकाशन निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछौं ।

Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094 Email: muskanoverseas786@gmail.com,
Web: www.muskanoverseas.com.np

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१–४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, अध्यक्ष: दुर्गा बहादुर लिम्बु, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ